# हाम्रो सूर्यविनायक

कक्षा ८

**लेखकहरू**

निशान निष्कर्ष
राजेश घिमिरे
डिल्लीप्रसाद वाग्ले

# हाम्रो भनाइ

विद्यालय तहको शिक्षालाई जीवनोपयोगी, व्यावहारिक, स्थानीय स्रोत र साधनसँग परिचित गराउँदै बालबालिकामा अन्तर्निहित प्रतिभालाई प्रस्फुटन गराउने मूल ध्येयका साथ सूर्यविनायक नगरपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रम २०७८ का विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर प्रस्तुत पाठ्यपुस्तक निर्माण गरिएको छ । यस पाठ्यपुस्तकमा स्थानीय ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थल तथा अन्य सेरोफेरोका महत्वपूर्ण स्थल एवम् विषयवस्तु समावेश गरिएको छ । यस पाठ्यपुस्तकमा केन्द्रीय पाठ्यक्रमले समेट्न नसकेका र स्थानीय आवश्यकताको आधारमा स्थानीय विषयवस्तुलाई समावेश गरिएको छ ।

यसमा धार्मिक, सांस्कृतिक विविधताभित्रको एकता, सूर्यविनायक नगरपालिकाभित्रको पर्यटकीय सौन्दर्य, धार्मिक आस्था, प्रकृतिक स्रोत, विभिन्न परम्परागत एवम् आधुनिक प्रणाली, जात्रा तथा उत्सवजस्ता निधिलाई विषयवस्तुभित्र समेटिएको छ । यसले गर्दा यस सूर्यविनायक नगरपालिकाअन्तर्गतका विद्यालयबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले उल्लिखित विषयवस्तुसँग सम्बन्धित पाहुनालाई मार्गदर्शन गर्न सक्ने पाठ्यक्रमको अपेक्षालाई यस पाठ्यपुस्तकले समेटेको छ । पाठ्यपुस्तकमा बालबालिकाको उमेर, कक्षा र तहगत सिकाइस्तर फरक हुने हुनाले यस पक्षमा पनि ध्यान पुऱ्याइएको छ । पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्बाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै लगिने छ । यसलाई क्रियाकलापमुखी र विद्यार्थी केन्द्रित बनाउने, रङ्गीन चित्र राख्ने र सिर्जनात्मक क्षमता वृद्धि गर्ने खालका अभ्यास सामग्री समेट्ने तथा आवश्यकताअनुसार शिक्षण निर्देशन दिइएको छ । यस पुस्तकमा क्रियाकलापअर्न्तगत रहेका सामूहिक क्रियाकलाप तथा सिर्जना/परियोजनाअर्न्तगतका निर्देशनअनुसार विविध कार्य गरी विद्यार्थीलाई शिक्षण गराउनु आवश्यक रहेको छ ।

यसमा पाठमा पाठ्यक्रमलाई आधार बनाउँदै विद्यार्थीको ज्ञानको दायरालाई नवीन शैलीमा विकास गर्नका लागि पाठ सुरु हुनुअगाडि पूर्व ज्ञान राखिएको छ । जसले विद्यार्थीहरुको ज्ञानको मापन गर्दछ । त्यस्तै पाठ र अभ्यासलाई सीपमूलक बनाइएको छ भने एकाइको अन्तिममा परियोजना कार्य राखिएको छ जसका मात्तयमबाट उक्त एकाइमा सिकेका कुराको मूल्याङ्कन गरी सिकारुको बुझाइलाई मूल्याङ्कन गर्न सकिन्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइको महत्वपूर्ण साधन हो । यसबाट पाठ्यक्रमद्वारा लक्षित उद्देश्य हासिल गर्न मद्दत पुग्छ । यस पाठ्यपुस्तकलाई सकेसम्म क्रियाकलापमुखी र रुचिकर बनाउने प्रयत्न गरिएको छ । पाठ्यक्रमको मूल मर्मलाई सम्बोधन गर्ने किसिमका कविता, कथा, संवाद, चिठीलगायतका रचनालाई पनि स्थान दिइएको छ । यस पाठ्यपुस्तकको लेखन तथा सम्पादन निशान निष्कर्ष, राजेश घिमिरे र डिल्लीप्रसाद वाग्लेबाट भएको हो । यसको थप परिमार्जन कार्यमा नगर प्रमुख श्री वासुदेव थापा, उपप्रमुख श्री सरिता भट्टराई तिमिल्सना, तत्कालीन प्रमुख प्रशासकीय अधिकृत श्री राजेन्द्र कँडेल, नगर प्रवक्ता श्री रविन्द्र सापकोटा, शिक्षा शाखा प्रमुख श्री रत्नबहादुर कटुवाल, अधिकृत श्री सरस्वती

कोइराला, श्री उल्झन अधिकारी, श्री गोकुल राउतको प्रशासकीय सहयोग तथा लेखरचना उपलब्ध गराउन श्री रत्न सायमी, श्री ज्योति अधिकारी, श्री रामकुमारी प्रजापति, श्री कर्नेश राजथला, श्री प्रज्वल अधिकारी, श्री एकेन्द्र खड्का, श्री डा. हरिप्रसाद सिलवाल र श्री आरजु सुवेदीको विशेष योगदान रहेको छ । यसको भाषा सम्पादन श्री डा. गणेश प्रसाद भट्टराईज्यूबाट र लेआउट डिजाइन श्री .... बाट भएको हो । उहाँहरूलगायत  पाठ्यपुस्तकमा सामग्री उपलब्ध लेखक र सम्बद्ध सबैप्रति नगरपालिका कृतज्ञता प्रकट गर्छ ।

अन्त्यमा पाठ्यपुस्तकमा भएका त्रुटि औँल्याइदिनु भई रचनात्मक सुझावको अपेक्षा गर्दै स्थानीय पाठ्यक्रम कार्यान्वयन गरी नगरपालिकाको उद्देश्य पूरा गरिदिन शिक्षक, विद्यार्थी र अभिभावकमा हार्दिक अनुरोध छ ।

**सूर्यविनायक नगरपालिका**

# विषय सूची


| पाठ | पाठको नाम | पृष्ठ |
|---|---|---|
| **एकाइ एक : हाम्रो सूर्यविनायक** | | |
| पाठ १ | ऐतिहासिक पृष्ठभूमि तथा नामकरण | |
| पाठ २ | नगर सभाको गठन | |
| पाठ ३ | स्थानीय योजनाको महत्व | |
| पाठ ४ | विपत् व्यवस्थापन | |
| **एकाइ दुई : स्थानीय लोक संस्कृति** | | |
| पाठ १ | हाम्रा पर्व | |
| पाठ २ | असारे संस्कृति | |
| पाठ ३ | युद्धप्रसाद मिश्र | |
| पाठ ४ | नागरिक सचेतना | |
| **एकाइ तीन : हाम्रो सम्पदा** | | |
| पाठ १ | केदारनाथको शिर डोलेश्वर | |
| पाठ २ | हाम्रा ऐतिहासिक तथा धार्मिक स्थल | |
| **एकाइ चार : कृषि** | | |
| पाठ १ | बेमौसमी तरकारी खेती प्रविधि | |
| पाठ २ | गोलभैँडा खेती | |
| पाठ ३ | जडीबुटीको महत्व : रैथाने उपचार पद्धति | |
| पाठ ४ | स्थानीय परिकारको व्यावसायिक सम्भावना | |
| **एकाइ पाँच : पर्यटन, उद्योग तथा व्यवसाय** | | |
| पाठ १ | उद्यमशीलता | |
| पाठ २ | राष्ट्रिय प्राणी उद्यान | |
| पाठ ३ | नेपाली कागज | |
| **एकाइ छ : स्थानीय सिप र प्रविधि** | | |
| पाठ १ | स्थानीय प्रविधिको महत्व | |
| पाठ २ | नागरिक बडापत्र | |
| पाठ ३ | सामाजिक सञ्जालको उपयोगिता | |


# एकाइ एक : हाम्रो सूर्यविनायक

**पूर्वकार्य**

(क) सूर्यविनायक नाम कसरी रह्यो होला ?

(ख) नगरपालिकाले विपत् पर्दा कस्तो कस्तो काम गर्छ होला ?

(ग) विपत्मा हामी कसरी सजग रहन सक्छौँ होला ?



पाठ १ :

## ऐतिहासिक पृष्ठभूमि तथा नामकरण



सूर्यविनायक क्षेत्र भक्तपुर नगरबाट दुई कि.मि. दक्षिण साविक सिपाडोल गा.वि.स मा पर्छ । धार्मिक एवम् ऐतिहासिक दृष्टिकोणबाट अति महत्वपूर्ण छ । यहाँको प्रसिद्ध सूर्यविनायक (गणेश) मन्दिर लिच्छिवि कालमा शिखर शैलीमा निर्माण भएको पाइन्छ । यहाँ काठमाडौं, ललितपुर, काभ्रे, भक्तपुर लगायतका जिल्लाका भक्तजन आउँछन् । हरेक मङ्गलबार र माघ महिनामा यहाँ घुइँचो लाग्छ । सूर्यविनायकको पूजाबाट भाग्य निर्माण हुने र सद्बुद्धि आउने आम धारणा रहेको छ । सूर्यविनायक मन्दिरको नामबाट यस नगरपालिकाको नामकरण गरिएको हो । हरियाली रमणीय डाँडो रहेकाले यो क्षेत्र पर्यटकीय एवम् पिकनिक स्थलको रूपमा प्रख्यात छ । सूर्यविनायकको जङ्गलमा ९९ प्रजातिका चराचुरुङ्गी पाइन्छन् । यस स्थलले चराचुरुङ्गी अवलोकन (Bird Watching) का लागि पनि प्रसिद्धि पाउँदै आएको छ ।

### १. भौगोलिक स्थिति

यो नगरपालिका बागमती प्रदेशअन्तर्गत भक्तपुर जिल्लामा पर्छ । भौगोलिक दृष्टिबाट यो नगरपालिका ८५° २३' देखि ८५° २९' पूर्वी देशान्तरको बिचमा र २७° ३७' देखि २७° ४०' उत्तरी अक्षांशको बिचमा पर्छ ।

**नगरपालिकाको भौगोलिक विवरण**

- नगरपालिकाको क्षेत्रफल : ४२.४५ वर्ग कि.मि.
- उत्तरी आक्षांश : २७° ३७' देखि २७° ४०'
- पूर्वी देशान्तर : ८५° २३' देखि ८५° २९'
- उचाइ : समुद्र सतहदेखि १३७२ देखि २०२५ मि. सम्म

**२. भौगोलिक बनावट :** भौगोलिक बनावटको दृष्टिकोणले यस नगरपालिकालाई मुख्य दुई क्षेत्रमा विभाजन गर्न सकिन्छ : (क) दक्षिण पहाडी क्षेत्र (ख) उपत्यका क्षेत्र

**(क) दक्षिण पहाडी क्षेत्र :** सिपाडोल पहाडी खण्डको पश्चिम कालीटारको पूर्व र चुनदेवीको दक्षिणी भेगलाई दक्षिणी पहाडी खण्डमा विभाजित गरिएको छ । यो पहाडी इलाकाको उचाइ चुनदेवीबाट बढ्दै गई गुण्डूको दक्षिणी भेगमा २०२५ मिटरसम्मको उचाइमा पुगेको छ । यस पहाडको लम्बाइ करिब

४.८ कि.मि. छ । यसबाट उत्पत्ति हुने खोलामा पूर्वतिर सिपाडोल खोला र कल्का खोला दक्षिणबाट बगेर उत्तरतिर हनुमन्ते खोलामा मिल्न जान्छ ।

**(ख) उपत्यका क्षेत्र :** गोदावरी र चारखण्डे खोलाको जलाधार रेखा तथा पूर्वमा काभ्रेपलाञ्चोक जिल्लाको पश्चिमी सिमानासम्म उपत्यका रहेको छ । यस क्षेत्रको जग्गाको भिरालोपन दक्षिण र पूर्वबाट क्रमशः पश्चिमतिर १-५ डिग्रीसम्मको छ । त्यसैले यस क्षेत्रका सम्पूर्ण खोला पूर्वउत्तर र दक्षिणबाट पश्चिमतर्फ बग्ने गरेका छन् ।

सूर्यविनायक नगरपालिकामा उपोष्ण हावापानी पाइन्छ । सबैभन्दा गर्मी महिना जुन हो । जसको औसत उच्च तापक्रम २९.४ डिग्री सेल्सियस र औसत न्यून तापक्रम ४.१ डिग्री सेल्सियस हुने गर्छ । सबैभन्दा जाडो महिना जनवरी जसको औसत उच्च तापक्रम १९.१ डिग्री सेल्सियस र औसत न्यून तापक्रम २.४ डिग्री सेल्सियस हुने गर्छ । सूर्यविनायक नगरपालिकाको औसत न्यून तापक्रम ४.१ डिग्री सेल्सियस र औसत उच्च तापक्रम २९.४ डिग्री सेल्सियस हुने गर्छ ।  यस क्षेत्रमा औसत ३६० मिलिलिटर वर्षा हुने गर्छ ।

सूर्यविनायक नगरपालिकाको केही भाग सहरी र केही भाग ग्रामीण क्षेत्रमा रहेको छ । वडा नं. २, ३, ५ र ६ मा सहरी बस्ती छन् । वडा नं. १, ४, ७, ८, ९ र १० मा रहेका ग्रामीण बस्ती छन् । यहाँका वासिन्दाले कृषिका अतिरिक्त पशुपालनलाई समेत जीविकोपार्जनको रूपमा अँगालेको छन् । सहरी बस्तीका केही क्षेत्रमा समेत व्यावसायिक रूपमा पशुपालन कार्य गरेको पाइन्छ । पशुपालन व्यवसायबाट मुख्य गरी दुग्धजन्य र मासुजन्य उत्पादन हुने गरेको छ । सूर्यविनायक नगरपालिका धार्मिक पर्यटनका लागि प्रचुर सम्भाव्यता बोकेको स्थान हो । यहाँ हरेक वडामा एउटा महत्वपूर्ण धार्मिक आस्थाका केन्द्र विद्यमान रहेका छन् ।

सूर्यविनायक नगरपालिकामा दसैं, तिहार, जनै पूर्णिमा, तिज, पुसे पन्ध्र, माघे सङ्क्रान्ति मनाइन्छ । शिव रात्री, फागू पूर्णिमा, नयाँ वर्षका अतिरिक्त नेवार समुदायले विस्का जात्रा, यःमरी पुन्ही, गाईजात्रा पर्व मनाउँछन् । तामाङ समुदायले ल्होसार, छेवरलगायतका पर्व मनाउँछन् । यहाँ हिन्दुले जन्म, न्वारन, पास्नी, उपनयन, गुन्युचोली, विवाह, चौरासी पूजा, मृत्यु संस्कार गर्छन् । यी सांस्कृतिक परम्पराको अतिरिक्त नेवार समुदायमा गुफा बस्ने/बेल विवाह, म्हः पूजा, जङ्को, किजा पूजा गर्ने चलन छ ।

वि.सं. २०७८ को जनगणनाअनुसार यस नगरपालिकाको जम्मा घर सङ्ख्या **२३६३७** र परिवार सङ्ख्या **३५८८५** छ । यहाँको  जनसङ्ख्यामा महिला **६९०००** र पुरुष **६८९७१** गरी कुल **१३७९७१** रहेको छ । यहाँ पहाडी खस आर्यको बाहुल्य छ । दोस्रो स्थानमा पहाडी जनजाति छन् । यस नगरपालिकामा बोलिने प्रमुख भाषा नेपाली र नेवारी हुन् ।

**वडाअनुसार क्षेत्रफल, महिला र पुरुष जनसङ्ख्या विवरण तालिका**

| **वडा नं.** | **क्षेत्रफल** | **जनसङ्ख्या** | **महिला** | **पुरुष** |
|---|---|---|---|---|
| १ | २.९६ वर्ग कि. मि | १०,६२९ | ५,३३७ | ५,२९२ |
| २ | १.८६ वर्ग कि. मि | १७,५७४ | ८,५६७ | ९,००७ |
| ३ | ०.९८ वर्ग.कि.मि | १३०१० | ६,४०२ | ६८०८ |

| | | | | |
|---|---|---|---|---|
| ४ | ४.९१ वर्ग कि. मि. | २०४५६ | १०,२१२ | १०,२४४ |
| ५ | २.८६ वर्ग कि.मि | १९३८५ | ९,७९८ | ९,५८९ |
| ६ | १.४७ वर्ग कि. मि | १४,८२९ | ७,६१४ | ७,२१५ |
| ७ | ७.४३ वर्ग कि. मि | ७१४१ | ३,६१२ | ३,५२९ |
| ८ | ८.११ वर्ग कि. मि | २२९५१ | ११,५४३ | ११,४०८ |
| ९ | ६.८ वर्ग कि. मि | ६७०९ | ३,३६२ | ३,३४७ |
| १० | ५.०८ वर्ग कि.मि | ७४०१ | ३,७२५ | ३,६७६ |

सूर्यविनायक नगरपालिकाले भवन निर्माण मापदण्ड, २०७४ जारी गरेको छ। यस नगरपालिका क्षेत्रका सबै सडक कम्तीमा छ मिटरका हुने व्यवस्था गरिएको छ । सबै खोलाको मापदण्ड खोलाको छेउबाट लिनुपर्ने व्यवस्था छ । हनुमन्ते खोलाको छेउबाट २० मिटरको मापदण्ड लागु गरिएको छ । अन्य खोलाको हकमा छ मिटरदेखि १० मिटर लागु गरिएको छ । हाइटेन्सन लाइनको मापदण्ड यसको क्षमताअनुसार नेपाल विद्युत् प्राधिकरणले अद्यावधिक गरेबमोजिम हुने छ ।

## नगरपालिकाको इतिहास र प्रथम नगरप्रमुख

नेपालको संविधान २०७२ लागू भएसँगै नेपालमा सङ्घीय नेपालको स्थापना भयो । यसको स्थापना सँगसँगै नेपालमा पुरानो संरचनामा रहेका गाउँ विकास समिति, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको संरचनालाई पुनर्निर्माण गरी गाउँपालिका, नगरपालिका, उपमहानगरपालिका र महानगरपालिकाको संरचनामा परिणत गरियो । भक्तपुर जिल्लाको स्थानीय तहलाई चारओटा नगरपालिकामा विभाजन गरियो । त्यसमध्ये सूर्यविनायक नगरपालिका एक हो ।



स्थानीय निकायको निर्माण भएपछि २०७४ सालमा स्थानीय सरकारका लागि नेपालको संविधान २०७२ मा रहेर निर्वाचन भएको थियो । सङ्घीयतापछिको स्थानीय चुनावमा नगर प्रमुखका रूपमा नेपाल कम्युनिस्ट पार्टी एमालेबाट प्रतिनिधित्व गर्दै श्री वासुदेव थापा निर्वाचित हुनुभयो । सरल जीवन शैलीका थापाको जन्म वि. सं. २०२० असोज २४ गतेका दिन सूर्यविनायक नगरपालिका वडा नं. १० (साबितको चित्तपोल गा. वि. स. वडा नं. ९) मा भएको हो । किसान परिवारमा जन्मिनुभएका थापाले राजनीतिक हिसाबमा आफूलाई निकै सक्रिय बनाउनुभयो र सूर्यविनायक नगरपालिकाको ऐतिहासिक नगर प्रमुखका रूपमा रहनुभयो । २०७९ सालको दोस्रो स्थानीय तहको निर्वाचनमा पनि उहाँ निर्वाचित हुनुभयो । सङ्घीय संरचनामा निर्माण भएको स्थानीय तहको पहिलो निर्वाचित नगरपालिका प्रमुखका रूपमा उहाँको नाम रहिरहनेछ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) भौगोलिक बनावटका दृष्टिले सूर्यविनायक नगरपालिकालाई कति क्षेत्रमा विभाजन गरिएको छ ?

(ख) सूर्यविनायक नगरपालिकामा सबैभन्दा चिसो र तातो कुन कुन महिनामा हुन्छ ?

(ग) सूर्यविनायक नगरपालिकामा मनाइने कुनै ५ प्रमुख चाडहरू के के हुन् ?

(घ) सूर्यविनायक नगरपालिकाको जनसंख्या के कस्तो रहेको छ लेख्नुहोस् ।

(ङ) क्षेत्रफलका आधारमा सबैभन्दा सानो वडा कुन हो ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) प्रसिद्ध सूर्यविनायक मन्दिर लिच्छिवि कालमा ............ शैलीमा निर्माण भएको पाइन्छ ।

(ख) ग्रामीण क्षेत्रका व्यक्तिले कृषिका अतिरिक्त पशुपालनलाई समेत ................ रूपमा अँगालेका छन् ।

(ग) तामाङ समुदायले .............. लगायतका पर्व मनाउँछन् ।

(घ) सूर्यविनायक नगरपालिकामा ........ हावापानी पाइन्छ ।

(ङ) नगरपालिकामा बोलिने प्रमुख भाषा ............. हुन् ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) सूर्यविनायक नगरपालिकामा घर तथा भवन निर्माण गर्न खोलादेखि कति मिटर छोड्नुपर्ने नियम बनाएको छ ?

(ख) भौगोलिक बनावटका हिसाबले सूर्यविनायक नगरपालिकालाई चिनाउनुहोस् ।

**४. सूर्यविनायक नगरपालिकामा बाटाको मापदण्ड कम्तीमा छ मिटर राख्नुको कारण के होला ? समूहमा छलफल गरी लेख्नुहोस् ।**

**५. सूर्यविनायक नगरपालिकाको नक्सा बनाई निम्नलिखित स्थानहरू उक्त नक्सामा देखाउनुहोस् :**

साँगाको शिव मन्दिर, चित्रपुर, नगरपालिकाको कार्यालय, बोकाचो गढी

पाठ २

# नगर सभाको गठन

## १. नगर सभा

नेपालको संविधान २०७२ को धारा २२३ बमोजिम नगरपाालिकाको व्यवस्थापकीय कार्य अर्थात् नीति नियम बनाउने अङ्ग नगर सभा हो । नगर सभाको कार्यकाल पाँच वर्षको हुन्छ । नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा दुई महिनाअगाडि यसका सदस्यको निर्वाचन हुन्छ । नगर सभा गठन प्रक्रिया निम्नानुसार हुन्छ :

(क) प्रत्येक नगरपालिकामा एक नगर सभा रहने छ ।
(ख) नगरकार्यपालिकाका प्रमुख र उपप्रमुख यसको सदस्य रहने छन् ।
(ग) नगरपालिकाभित्रका प्रत्येक वडाका वडा अध्यक्ष यसका सदस्य रहने छन् ।
(घ) प्रत्येक वडाबाट निर्वाचित चार जना सदस्य र धारा २१६ को उपधारा (४) बमोजिम दलित वा अल्पसङ्ख्यक समुदायबाट निर्वाचित नगर कार्यपालिकाका सदस्य रहने छन् ।
(ङ) प्रत्येक वडाबाट नगर सभामा कम्तीमा दुई जना महिलाको प्रतिनिधित्व हुने छ ।

**देहायको योग्यता भएको व्यक्ति नगरसभाको सदस्यको पदमा उम्मेदवार हुन योग्य हुनेछ :**

(अ) नेपाली नागरिक
(आ) एक्काइस वर्ष उमेर पूरा भएको
(इ) नगरपालिकाको मतदाता नामावलीमा नाम समावेश भएको
(ई) कुनै कानुनले अयोग्य नभएको




स्थानीय तहको विधायिकी अधिकार नगर सभामा रहेको छ । कार्यपालिकाले पेस गरेको नीति, कानुन, योजना, मापदण्ड, वार्षिक कार्यक्रम र बजेटको स्वीकृति सम्बन्धित सभाले गर्छ । स्थानीय नगर सभाले कर, शुल्क, दस्तुरआदिको आधार र दर निर्धारण गर्छ । ऋण लिन सक्ने एवम् सम्पत्ति हस्तान्तरणसम्बन्धी कानुनबमोजिमको निर्णय गर्ने अधिकार पनि नगर सभामा नै हुन्छ । सञ्चित कोषबाट खर्च गर्नुपर्दा अनिवार्य रूपमा सभाबाट स्वीकृत गरेर मात्र गर्नुपर्छ । स्थानीय तहमा आफ्नो स्रोतअन्तर्गतको दरबन्दी स्वीकृति, पारिश्रमिक, भत्ता आदि निर्धारण नगर सभाले गर्छ । प्रशासनिक तथा नीतिगत निर्णय गर्ने र विकास निर्माणको मूल्याङ्कन गरी निर्देशन दिने कार्यको जिम्मेवारी पनि नगर सभामा नै रहन्छ ।

## २. न्यायिक समिति




नेपालको संविधान २०७२ को धारा २१७ बमोजिम स्थानीय तहमा न्यायिक समिति गठन गर्ने व्यवस्था छ । यो स्थानीय तहमा न्याय दिनका लागि निर्माण हुने संयन्त्र हो ।

सामान्य खालका मुद्दा मामिला, जग्गा जमिन, अंशबन्डा, साँध विवाद जस्ता मुद्दाको टुङ्गो न्यायिक समितिले लगाउँछ । न्यायिक समितिको अधिकारको प्रयोग न्यायिक समिति संयोजक र सदस्यले सामूहिक रूपमा गर्छन् । नगरपालिकाले न्यायिक समितिबाट मिलापत्र वा निर्णय भएका विवादसँग सम्बन्धित लिखत, मिलापत्र वा निर्णयको अभिलेख व्यवस्थित र सुरक्षित रूपमा राख्ने गर्छ । समितिले आफूले गरेको कामको वार्षिक विवरण अध्यक्ष वा प्रमुखमार्फत सम्बन्धित नगर सभामा पेस गर्छ ।

सूर्यविनायक नगरपालिकामा गठन भएको न्यायिक समितिले नगरपालिकाभित्र हुने साँधसिमाना, लेनदेन लगायतका सामान्य प्रकृतिका देवानी मुद्दाहरू छिनोफानो गर्दै आएको छ ।

### (क) न्यायिक समिति गठन प्रक्रिया

(अ) सबै स्थानीय सरकारमा एउटा न्यायिक समिति रहन्छ ।

(आ) संविधानले दिएको निर्देशनअनुसार न्यायिक समितिले न्याय सम्पादन गर्छ ।

(इ) न्यायिक समिति गाउँ र नगरपालिकामा उपाध्यक्ष र उपप्रमुखको संयोजकत्वमा रहन्छ ।

(ई) गाउँ वा नगर सभाले आफूमध्येबाट निर्वाचित दुई सदस्य यसका सदस्य रहन्छन् ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) नगर सभा भनेको के हो ?

(ख) प्रत्येक वडाबाट नगर सभामा कति जना महिलाको प्रतिनिधित्व रहन्छ ?

(ग) नगर सभाको सदस्य बन्नका लागि कुन कुन योग्यता चाहिन्छ ?

(घ) नगर सभाले गर्ने कुनै तीन काम लेख्नुहोस् ।

(ङ) नगरपालिकामा रहने न्यायिक समितिले कस्ता विवादको समाधान गर्छ ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) हरेक ....मा एक नगर सभा रहने छ ।

(ख) नगर सभाको कार्यकाल ...वर्षको हुन्छ ।

(ग) नगर सभाको कार्यकाल समाप्त हुनुभन्दा .... यसका सदस्यको निर्वाचन हुन्छ ।

(घ) स्थानीय स्तरमा .... अनिवार्य रूपमा सभाबाट स्वीकृत गरेर मात्र गर्नुपर्छ ।

(ङ) न्यायिक समिति गाउँ र नगरपालिकामा .....र उपप्रमुखको संयोजकत्वमा रहन्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) नगर सभाको गठन प्रक्रिया र कार्य उल्लेख गर्नुहोस् ।


(ख) न्यायिक समिति गठन गर्नुपर्ने आवश्यकताको औचित्य पुष्टि गर्दै यसले कस्ता विवादको समाधान गर्छ ? प्रस्ट पार्नुहोस् ।

**४ नगरपालिका सँग समन्वय गरेर नगर सभाको बैठकमा जानुहोस् र उक्त बैठकको अवलोकन गर्नुहोस् ।**

पाठ ३

## स्थानीय योजना

नगरपालिकाले बनाउने योजनालाई स्थानीय योजना भनिन्छ । स्थानीय जनताका सेवा सुविधा पूरा गर्न र ग्रामीण क्षेत्रको विकास गर्नका  स्थानीय योजना बनाइन्छ । स्थानीय विकास योजनाको उद्देश्य उपलब्ध प्रविधि र स्रोतको परिचालन गर्नु हो । स्थानीय विकास योजनाको मुख्य लक्ष्य स्थानीय जनतामा नेतृत्वको विकास, सिप तथा तालिमको विकास र आधारभूत आवश्यकता पूरा गर्नु हो । स्थानीय विकास योजना भनेको ग्रामीण विकास योजना हो । स्थानीय विकास योजनालाई सूक्ष्म योजना पनि भनिन्छ । यो राष्ट्रिय योजनाको अभिन्न अङ्ग हो । स्थानीय विकास योजना कृषि, साना तथा घरेलु उद्योग, स्वास्थ्य, शिक्षा, खानेपानी, यातायात आदि क्षेत्रको विकासका लागि तर्जुमा गरिन्छ । यसप्रकारको योजनाले स्थानीय सिप, श्रम र स्रोतको उचित सदुपयोग र परिचालन गर्न सहयोग पुऱ्याउँछ । स्थानीय विकास योजनाको सिलसिलामा आर्थिक तथा राजनीतिक अधिकार विकेन्द्रीकृत गरिएका हुन्छन् । यसबाट स्थानीय स्तरको आर्थिक तथा सामाजिक संरचनामा आमूल परिवर्तन गर्ने अपेक्षा गरिएको हुन्छ ।




स्थानीय विकास योजना स्थानीय तहमा सञ्चालन गरिने योजना हो । यसले स्थानीय जनताको सहभागितामा स्थानीय स्रोत र साधनलाई प्रभावकारी ढङ्गमा परिचालन गरिन्छ ।  यसले जनताको जीवनस्तर सुधार्ने उद्देश्य लिएको हुन्छ । यो दुर्गम ग्रामीण संरचना भएको क्षेत्रको विकास गर्ने योजना हो । ग्रामीण जनतामा सदियौँदेखि प्रचलनमा रहेको परम्परागत ज्ञान छ । उनीहरू गरिब, पिछडिएका, अशिक्षित एवम् कसैबाट दबिएका छन् तर विवेकहीन भने छैनन् । सहयोग र अवसर प्रदान गरिएमा उनीहरू आफ्नो भाग्य आफैँ निर्माण गर्न सक्छन् । स्थानीय योजना जिल्ला वा स्थान विशेषमा सञ्चालन गरिन्छन्  । यस्ता योजना स्थानीय स्तरका जनताको आवश्यकताअनुसार तर्जुमा गरिन्छ । स्थानीय स्रोत र केन्द्रको अनुदानबाट सञ्चालन हुन्छन् । यो स्थानीय जनताको उन्नति गर्ने  स्थानीय विकास योजना हो ।  यस्तो योजनाबाट स्थानीय आवश्यकताको पहिचान गर्न सजिलो हुन्छ । स्थानीय श्रम, सिप, साधन एवम् स्रोत सजिलैसँग सदुपयोग र परिचालन गर्न सकिन्छ । योजनाको तर्जुमा स्थानीय व्यक्तिले गर्छन् । यसमा योजनामा ग्रामीण जनताको आवश्यकता र आकाङ्क्षा प्रतिविम्बित



भएको हुन्छ । यस्ता योजनाको सफलतामा स्थानीय जनताको भाग्य गाँसिएको हुन्छ । योजनाको सफलताका लागि उनीहरू कटिबद्ध हुन्छन् ।

स्थानीय योजना कार्यान्वयन गर्दा रकमको दुरुपयोग कम हुन्छ । मानिसहरू रकमको सदुपयोग भयोभएन भन्ने कुरामा चनाखा हुन्छन् । सानो रकमको योजनाबाट ठुलो प्रतिफल प्राप्त हुन्छ । योजना निर्दिष्ट समयभन्दा अगावै सफल हुने सम्भावना बढी हुन्छ । योजना पूरा भएपछि पनि उक्त योजनाबाट दिगो रूपमा लामो समयसम्म प्रतिफल प्राप्त भइरहन्छ । स्थानीय स्तरमा स्वतन्त्रता, समानता, न्याय, सदाचारिताजस्ता भावनाको विकास हुन्छ । जनतामा अपनत्वको सोच विकास भएर जान्छ । लैङ्गिक विभेद कम हुँदै जान्छ ।  समुदायबिच चेतना, सहभागिता तथा अनुशासनको संस्कृति क्रमशः विकास हुँदै जान्छ ।

सूर्यविनायक नगरपालिकामा पनि स्थानीय योजनाहरू लागू भएका छन् । यस्ता योजनाहरूले नगरपालिकाको विकासमा टेवा पुऱ्याएको छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) स्थानीय योजना तर्जुमा भनेको के हो ?
(ख) स्थानीय योजनाले कसरी स्थानीय जनतालाई फाइदा हुन्छ ?
(ग) स्थानीय योजना तर्जुमा गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्ला ?
(घ) स्थानीय योजनामा जनसहभागिताको के महत्व छ ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) वास्तवमा स्थानीय विकास योजना भनेको .... योजना हो ।
(ख) स्थानीय स्तरमा स्वतन्त्रता, समानता, ..., ...जस्ता भावनाको विकास हुन्छ ।
(ग) स्थानीय स्तरमा ग्रामीण जनताको ज्ञान, ...., .....को अधिकतम प्रयोग हुन्छ ।

(घ) ..... ले जनतामा अपनत्वको सोच विकास भएर जान्छ ।

(ङ) स्थानीय योजनाका कार्यान्वयन गर्दा मानिसमा चेतना, सहभागिता, तथा ...को संस्कृति विकास हुदै जान्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) स्थानीय योजनाका फाइदा लेख्नुहोस् ।
(ख) स्थानीय योजनाान जनसहभागिता भयो भने काम राम्रोसँग सम्पन्न हुने र रकम हिनामिना हुने सम्भावना पनि कम हुन्छ ? कसरी ?

**४. समय मिलाएर नगरपालिका कार्यालय जानुहोस् र नगरपालिका स्तरमा कस्ता योजना बनेर कार्यान्वयन भए ? सोधेर लेख्नुहोस् ।**

पाठ ४

# विपत् व्यवस्थापन

सूर्यविनायक नगरपालिकामा आगजनी, बाढी, पहिरो, भूकम्प, हावाहुरी, असिना, मुसल्धारे वर्षाले समय समयमा सङ्कट सिर्जना गर्छ । महामारी, औद्योगिक दुर्घटना, विस्फोटन, सडक दुर्घटना तथा विषालु पदार्थसँग सम्बन्धित विपत्का घटना पनि विपत् हुन् । हामीले बर्सेनि यस्ता प्राकृतिक तथा गैरप्राकृतिक विपत्को सामना गरिरहनुपरेको छ ।

**१. भूकम्प**

नेपाल भूकम्पको उच्च जोखिममा रहेको क्षेत्र हो । नेपालको सम्पूर्ण भूभाग भूकम्प जाने सम्भावित क्षेत्रभित्र पर्छ । भूकम्प जोखिम क्षेत्रको आधारमा नेपाललाई तीन भागमा बाँडिएको छ । यी क्षेत्र उत्तरतर्फबाट पश्चिम-दक्षिण, दक्षिण-पूर्वी दिशातर्फ फैलिएका छन् । नेपालको उत्तरी तथा दक्षिणी भूभागभन्दा मध्य भूभाग भूकम्पको बढी जोखिममा रहेको देखिन्छ । काठमाडौँ उपत्यका भूकम्पको उच्च जोखिम क्षेत्र हो ।

**२ आगजनी**

नगर क्षेत्रमा बाक्ला बस्ती र कच्चा खालका बाक्ला साना बस्तीमा आगजनीको समस्या छ । असावधानीपूर्वक आगाको प्रयोग र हेलचेक्र्याइँले गर्दा बस्तीमा आगलागीका घटना हुने गरेका छन् । यसका अतिरिक्त अव्यवस्थित तार र असावधानीपूर्वक प्रयोग गरिएका ग्याँसका सिलिन्डिरबाट आगजनी भइरहेको छ ।

**३. बाढी**



बाढी आकस्मिक विपत् हो । अतिवृष्टिका कारण अचानक आउने बाढीले बस्ती तथा खेतबारी डुबानमा पर्छ । पानीको उचित निकास नहुँदा पनि समस्या देखिएका छन् ।

**४ पहिरो**

भिरालो पहाडपर्वत, अवैज्ञानिक सहरीकरण, मनसुनको समयमा हुने मुसलधारे वर्षा र त्यसपछिको प्रचण्ड तापमान पहिरोका कारण हुन् । यसबाट नगरको पहाडी भूभागमा सानातिना पहिरो जान्छन् । सडक निर्माण गर्दा पनि पहिरो जाने गरेको छ ।



**५ महामारी**

सूर्यविनायक नगरपालिकाअन्तर्गत सहरी क्षेत्रको वातावरण प्रदूषण र स्वच्छ खानेपानीको अभावले महामारी देखिने गरेको छ । रोग फैलिएर धेरै मानिस सङ्क्रमित हुने गरेका छन् । झाडापखाला र श्वासप्रश्वाससम्बन्धी रोगबाट पनि बर्सेनि हजारौँ मानिस पीडित हुने गरेको देखिन्छ ।

विपत् व्यवस्थापनका लागि निम्नलिखित कार्य गर्न सकिन्छ :

**(क) पूर्व तयारी**

(अ) जनचेतनामूलक कार्यक्रम

(आ) समुदाय परिचालनमूलक कार्यक्रम

(इ) खुला क्षेत्र संरक्षण

(ई) स्वयम्सेवक तयारी तथा परिचालन

(उ) भवन निर्माण आचार संहिता प्रभावकारी कार्यन्वयन

(ऊ) अस्पतालजन्य फोहोरसहित फोहोर व्यवस्थापन

(ऋ) विपत्का समयमा कार्यस्थलमा सुरक्षित रहनेसम्बन्धी कार्यक्रम

(ए) विपत्का समयका लागि औषधी, खानेपानी र अस्थायी बासको प्रबन्ध

(ऐ) सडक, पुल तथा अन्य पूर्वाधार निर्माण संहिताको प्रभावकारी कार्यन्वयन

(ओ) विपत् व्यवस्थापन कोषको व्यवस्था

**(ख) उद्धार तथा सुधार**

(अ) विपत् उद्धार समन्वय समिति निर्माण

(आ) विपत्पछिको पुनः निर्माण योजना

(इ) आकस्मिक स्वास्थ्य शिविर सञ्चालन

(ई) परामर्श  कार्यक्रम सञ्चालन

(उ) अस्थायी बसोबासको व्यवस्था

**(ग) पुनर्स्थापना तथा विकास**

(अ) विपत्बाट प्रभावित नागरिकको सुरक्षा गर्दै पूर्ववत् अवस्थामा ल्याउने कार्य सञ्चालन

(आ) भवन तथा भौतिक पूर्वाधारको निर्माण तथा सुधार

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) विपत् भनेको के हो ?

(ख) भूकम्पबाट जोगिन हामीले के गर्नुपर्ला ?

(ग) आगलागी हुन नदिन हामीले कस्ता उपाय अपनाउनुपर्छ ?

(घ) बाढीबाट हुने क्षतिलाई न्यून गर्न कस्ता उपाय अपनाउनुपर्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) जथाभावी रुखबिरुवा काटेर हामी बाढीको जोखिम कम गर्न सक्छौँ ।

(ख) सम्म जग्गामा घर बनाउनाले पहिराको जोखिम बढ्छ ।

(ग) चुरोटको ठुटो जथाभावी फाल्नाले आगलागीको जोखिम कम गर्न सघाउँछन् ।

(घ) खाना पकाएपछि पनि रेगुलेटर खुला राखेर घरबाहिर जानु राम्रो हो ।

(ङ) पूर्वतयारी, पुनर्स्थापना र उद्धार विपत् व्यवस्थापनका तरिका हुन् ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) विपत् व्यवस्थापनका कुनै दुई तरिकाको छोटकरीमा चर्चा गर्नुहोस् ।

(ख) "विपत् आएपछि उद्धार गर्नुभन्दा विपत् आउन नदिनु नै बुद्धिमानी हो ।" यस भनाइलाई प्रस्ट पार्नुहोस् ।


**परियोजना कार्य**

**तपाईंको वडाले विपत् व्यवस्थापनका लागि कस्तो तयारी गरेको छ ? वडाका प्रतिनिधिलाई सोधेर एक प्रतिवेदन तयार पार्नुहोस् ।**

# एकाइ दुई : स्थानीय लोक संस्कृति

पूर्वज्ञान

केही लोक बाजा



(क) यी माथिका बाजाका नाम भन्नुहोस् ।
(ख) यी बाजा कहाँ र कसले बजाउँछन् ?
(ग) बाजा बजाउँदा के फाइदा हुन्छ ?

पाठ १

## हाम्रा पर्व

### १.माघे सङ्क्रान्ति

माघे सङ्क्रान्ति माघ महिनाको पहिलो दिन हो । माघ मध्य हिँउदको एक महिना हो । यस दिन सूर्य धनु राशिबाट मकर राशिमा प्रवेश गर्छन् । यस दिनलाई माघे सङ्क्रान्ति, तिलुवा सङ्क्रान्ति, मकर सङ्क्रान्ति या माघीका रूपमा मनाउने गरिन्छ । सनातन संस्कारमा तिलको विशेष महत्व छ । होमजप गर्न, पूजागर्न, दान गर्न, पितृकर्म तथा शुभकार्य गर्न तिल चाहिन्छ । यस दिनमा तेल दल्ने चलन पनि छ । माघे सङ्क्रान्ति तिलको पकवानका लागि प्रसिद्ध छ । तिललाई भुटेर अनि सक्खरमा मुछेर बनाइएका लड्डु विशेष हुन्छन् । माघे सङ्क्रान्तिलाई तिलुवा सङ्क्रान्ति पनि भनिन्छ ।

मधेसमा मैथिली र थारू समुदायले बडो सद्भावका साथ यो चाड मनाउने गर्छन् । थारू समुदायले माघीलाई येले दुगँ वा नयाँ वर्षका रूपमा मनाउने गर्छन् । माघीकै दिन किरात वंशले काठमाडौँ उपत्यकामा आक्रमण गरी विजय गरेका थिए । सोही विजय उत्सवलाई मनाउँदै किरात संवत् सुरु गरिएको हो । ।



नेवार समुदायमा ‘घिउचाकु सँल्हु’ नामले माघे सङ्क्रान्ति मनाइन्छ । उनीहरू चाकुमा तिल मिसाएर लड्डु बनाई खाने तथा दान दिने गर्छन् । काठमाडौँ उपत्यका नजिकैको पनौतीमा ऐतिहासिक मकर मेला लाग्छ । लिच्छवि राजा मानदेवका पालादेखि यो मेला सुरु भएको हो । माघे सङ्क्रान्ति पर्व नेपालका मगर जातिको पनि प्रमुख चाड हो । माघे सङ्क्रान्तिलाई मगरहरूको राष्ट्रिय पर्वका रूपमा मनाउँछन् । मगर समुदायमा यस दिन तारो हान्ने खेल अत्यधिक प्रचलनमा छ ।

सूर्यविनायक नगरपालिकाको नेवार समुदायमा पनि यस पर्वमा ध्यूचाकु खाने प्रचलन रहेको छ भन्ने अन्य समुदायले पनि कुनै न कुनै रूपमा यस चाडलाई मनाउने गरेको छ ।

### २. तामाङ सेलो

तामाङ सेलो भनेको डम्फुको तालमा गाइने छोटो छोटो रमाइलो गीत हो । डम्फु र सेलो एकअर्काका परिपूरक हुन् । तामाङ समाजमा डम्फु बजाउँदै गीत गाउँदै डम्फुको ताल र सेलोको लयमा नाचिन्छ । यसमा कहिले घुम्दै, कहिले बस्दै, कहिले उठ्दै त कहिले एकल र कहिले समूहमा नृत्य गर्ने गरिन्छ ।

## ३. बिस्का जात्रा

भक्तपुरमा मनाइने बिस्केट जात्रा बिस्का जात्राको नामले पनि चिनिन्छ। यो जात्रा प्रत्येक वर्ष चैतको अन्तिम साता सुरु हुन्छ । यो जात्रा नयाँ वर्ष वैशाख ५ गतेसम्म मनाइन्छ। यो जात्रा सूर्यविनायक नगरपालिकाभित्र आठ रात, नौ दिनसम्म भव्य रूपमा चल्छ । यो जात्रा लिच्छविकालदेखि व्यवस्थित रूपमा मनाउन थालिएको हो । यो जात्रामा भैरवनाथ तथा भद्रकाली देवीदेवतालाई काठ तथा बेतबाट बनेको कलात्मक रथमा राखेर घुमाइन्छ । रथ प्यागोडा शैलीको हुन्छ। केही इतिहासकारले यो जात्रा विक्रम संवत् सुरु भएको मितिदेखि मनाउन थालिएको बताएका छन् ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) माघे सङ्क्रान्ति केका लागि प्रसिद्ध छ ?
(ख) किरातले किन माघीलाई किरात संवत्को सुरुवातका रूपमा मान्छन् ?
(ग) तामाङ सेलोमा कुन बाजाको प्रयोग गरिन्छ ?
(घ) बिस्का जात्रा कहिले मनाइन्छ ?
(ङ) बिस्का कहिलेदेखि मनाउन थालिएको हो ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) थारू समुदायले माघीलाई .............का रूपमा मनाउने गर्छन् ।
(ख) नेवार समुदायमा ............ नामले माघे सङ्क्रान्ति मनाइन्छ ।
(ग) माघे सङ्क्रान्तिलाई मगरहरूको ..............का रूपमा मान्यता दिइएको छ ।
(घ) तामाङ सेलो भनेको ........को तालमा गाइने छोटो छोटो रमाइलो गीत हो ।
(ङ) बिस्का जात्रा सूर्यविनायक नगरपालिकाभित्र ............सम्म भव्य रूपमा चल्छ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) बिस्का जात्रा मनाउनुको कारण के हो ?
अभिभावकसँग सोधेर लेख्नुहोस् ।
(ख) माघी पर्वका विशेषता के के हुन् ? लेख्नुहोस् ।

**४. मलाई मन पर्ने पर्व शीर्षकमा १५० शब्दको निबन्ध लेख्नुहोस् ।**



**पाठ २**

# असारे संस्कृति

(असारको समय हो यो । खेतमा धान रोपाइँ सुरु भएको छ । कटुन्जेका केही साथी आज असारे संस्कृतिका बारेमा कुरा गर्दै छन् ।)

साथी : रमेश, ए रमेश, हैन कता के गर्दै छौ भनेको ?



रमेश : हैन के भयो ? किन यसरी चिच्याइरहेका तिमीहरू ?

विनिता : लौ के भयो रे ! हैन जाने बेला भएन भन्या ! हामी त तिमीलाई पर्खिरहेका छौँ नि ।

रमेश : के भन्छन् यिनीहरू ? कहाँ जाने ? बल्ल बल्ल आज बिदा छ । घरमै नबसेर कहाँ जाने भन्या ? आ म त सक्दिनँ है कतै जान । जाओ तिमीहरू नै ।

रीता : हैन के भएको यो मान्छेलाई ? आज के हो थाहा छ ? कस्तो हुस्सु मान्छे होला ।

रमेश : अहिले हुस्सु नभन है मलाई । के हुनु नि ? आज शनिबार हो । घरमा बस्ने दिन ।

अभिनव : लौ नसकिने भयो यो मान्छेसँग । आज असार १५ हो । यता खेततिर असारे गीत गाएर सबै रमाइराछन् । ऊ भने घरमै बस्ने रे । यस दिन दही चिउरा खाने रे ।

रमेश : हैन के भयो त रमाउनेलाई रमाउन देऊ न त । तिनलाई यसैमा आनन्द छ ।

रीता : त्यसो होइन रमेश । यो खाली रमाइलो मात्र पनि त हैन नि ।

रमेश : हेर, मलाई त केही थाहा छैन । सबै आआफ्नो तालले रमाउने हो । उनीहरू आफ्नै तालमा म आफ्नै तालमा ।

अभिनव : लौ अस्ति भर्खर स्थानीय विषय पढाउने गुरुबाले असार १५ ठुलो चाड र संस्कृति हो भन्नुभएको थियो । यो महिनामा विशेष गरी धान रोप्ने भएकाले यसलाई धान दिवसका रूपमा पनि मनाइन्छ भनेर पढाएको बिर्सियौ ?

रमेश : छैन बिर्सेको तर त्यसो भन्दैमा सबै जानुपर्छ भन्ने छ र ? मलाई त हिलो भनेको पटक्कै मन पर्दैन ।

रीता : त्यसो होइन रमेश यो हाम्रो संस्कृति हो । यसलाई हामीले हिलो भनेर मनाउन नै छोड्नु त भएन नि । हाम्रो जस्तो कृषिप्रधान देशमा खेतीपाती गर्नु र यसमा रमाउन पाउनु त निकै खुसीको कुरा हो । जसले मनोरञ्जन सँगै काम गर्ने जोस र उत्साह समेत बढाउँछ ।

रमेश : यो कुरा त मैले बुझेँ यस्ता कुरा जानेर के नै हुन्छ र ? खेतीपाती गर्नेले गरेकै छन्, हामीले आफ्नो काम गरिरहेका छौँ ।

रीता : फेरि उही कुरा, हेर जे जस्तो भए पनि कृषकका लागि यो मानो रोपेर मुरी उब्जाउने समय हो । यस समयमा उनीहरूसँग बसेर खुसियाली साट्न पाउनु त हाम्रो भाग्य हो नि ।

अभिनव : हो त रीताले सही कुरा गरिन् । हामी पनि सहभागी भयौँ भने हामीले हाम्रो संस्कृतिबारे थाहा पाउछौँ ।

रीताः हो त । हाम्रो मौलिक संस्कृति नै हाम्रो परिचय भएकाले यसबारे पनि थाहा पाउनुपर्छ नि त ।

रमेश : लौ त्यसो हो भने किन ढिला त । जाऔँ सबै जना खेततिर ।

सबै जना : हो हो जाऔँ । (सबै जना खेततिर जान्छन् । खेतमा सबै असारे गीतमा रमाइरहेका हुन्छन् ।)

असारे गीत १

सिरी पशुपति सिरी गुजेश्वरी उहीमाथि आर्जेघाट

बाला जीवनको हातको माला सुक्यो कैले होला भेटघाट

तेन्जिङ शेर्पा- हिमाल चढ्यो भन्छन्, कैले होला भेटघाट

काफल पाक्यो, कोइली डाक्यो, नागार्जुनको बनैमा

शिरको फूल शिरमै सुक्यो, आधा सुक्यो मनैमा

हरेराम राम हिउँदको घाम आधा सुक्यो मनैमा

असारे गीत २

न भित्र खोक्रो, न बाहिर बोक्रो, गुलियो कसार,

पूरबै ढोका खोलेर हेर्दा लागेछ असार

असारमासको चिजको वस्तु पाकेको खुर्सानी,

एक चरन असारे भन्देऊ राजै सम्झाउनी बिर्साउनी

असारे मासको दबदबे हिलो छि मलाई घिन लाग्यो

पातली नानीलाई फरिया किन्दा छ बिस रिन लाग्यो ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) नेपालीका लागि असार महिना किन महत्वपूर्ण छ ?

(ख) असार कुन ऋतुमा पर्छ ?

(ग) रमेशलाई खेतमा जान मन नलाग्नुको कारण के हो ?

(घ) संवादमा किन सबै साथी उत्साहित भएका छन् ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) असारे गीत नेपालीको ........... संस्कृति हो ।

(ख) नेपाल ............ प्रधान देश हो ।

(ग) असार १५ लाई ..............दिवसका रूपमा मनाइन्छ ।

(घ) मौलिक संस्कृति हाम्रा.............पनि हुन् ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) मानो रोपेर मुरी फलाउनु भनेको के हो ?

(ख) असार पन्ध्रलाई धान दिवसका रूपमा मनाउनुको कारण के होला ? कक्षामा छलफल गरी लेख्नुहोस् ।

पाठ ३

# युद्धप्रसाद मिश्र




महान् साहित्यकार युद्धप्रसाद मिश्रको जन्म भक्तपुर जिल्लाको सोम्लिङटार(सूर्यविनायक नगरपालिका १, सिरुटार)मा वि. सं. १९६४ पौष शुक्ल अष्टमीका दिन भएको थियो । उनकी आमा गीताकुमारी र बुबा रुद्रप्रसाद मिश्र हुन् । युद्धप्रसाद डेढ वर्षका हुँदा उनका बुबा बितेका थिए । त्यसपछि उनी आमा गीताकुमारी र मावलीको काखमा हुर्केका थिए ।

सानैमा बुबाको मृत्यु भएकाले उनले राम्रोसँग पढ्ने मौका पाएनन् । उनले प्रारम्भिक शिक्षा आफ्नी आमाबाट पाए । पछि आमा र मावली हजुरबाको प्रयासमा घरमै एक जना शिक्षक राखियो । घरमै उनको प्राथमिक शिक्षाको बन्दोबस्त मिलाइएको थियो । प्रारम्भिक शिक्षा सकेपछि उनलाई त्यस बेलाको दरबार हाइस्कुलमा भर्ना गरियो । त्यहाँ उनले एक वर्षजति वेदको अध्ययन गरे । त्यस बेला सरकारी जागिर खानका लागि तीन पास भन्ने परीक्षा पास गर्नुपर्थ्यो । उनले दरबार हाईस्कुलबाट तीन पास गरे । तीन पास गरेपछि जागिर खाँदै उनले चार पास गरे । त्यसैलाई आधार मानेर चौध पासको मान्यता दिइएको थियो ।

दरबार हाईस्कुलबाट तीन पास गरेपछि उनले १९८४ देखि कुमारी चोकमा नौसिन्दाको पदबाट जागिर खान थाले । नौ वर्ष जागिर खाएपछि उनले राजीनामा दिए । त्यसपछि उनले राणा प्रधानमन्त्री श्री ३ भीमशमशेरको दरबारमा कान्छी रानीको ढुकुटीमा बहिदारको जागिर खाए । त्यहाँबाट पनि उनले १९९० मा राजीनामा दिएर आफ्नै जन्मथलोतिर लागे । त्यहाँ उनले जागिर खाए पनि पढ्न छाडेनन् । उनले केही विद्वान्को सहयोग र स्वअध्ययनबाटै संस्कृत भाषा र साहित्यको गहिरो अध्ययन गरे । उनलाई हिन्दी र अङ्ग्रेजी भाषाको पनि राम्रै ज्ञान थियो । वि.सं. २००० तिरबाट उनले फेरि वीरगञ्ज सर्कल अफिसमा सुवेदार पदको जागिर खान थालेका थिए ।

उनको विवाह लोककुमारी देवकोटासँग वि.सं. १९८६ सालमा भएको थियो । उनीहरूका कोखबाट नौ सन्तानको जन्म भएको थियो । युद्धप्रसाद बीस वर्ष पुग्दा उनको आमाको मृत्यु भयो । यसैबिचमा उनले तीन छोरी पनि गुमाउनुपरेको थियो ।

युद्धप्रसाद मिश्रले चौध, पन्ध्र वर्षको उमेरमै कविता लेख्न थालेका थिए । वि.सं. १९८६ मा उनले 'अहिंसा प्रार्थना' लघुकाव्य रचना गरेका थिए । त्यस कृतिलाई राणाविरोधी भनी श्री ३ भीमशमशेरले च्यातेर जलाइदिएका थिए ।

यसो गरेपछि कवि निरास भई लेख्नै छाड्छन् भन्ने राणाशासकले सोचेका थिए । त्यस घटनाले उनलाई झन् उत्साही बनायो । उनले वि.सं. १९८८ मा विद्यार्थी शिक्षा नामको कविता गोरखापत्रमा प्रकाशित

गरे । यो उनको पहिलो प्रकाशित रचना थियो । उनले सुरुमा स्वच्छन्दतावादी कविता लेखे । त्यसपछि प्रकृतिप्रेमीका कविता हुँदै २०१७ सालदेखि जीवनको अन्त्यसम्म जनतालाई अन्याय अत्याचारको विरुद्ध लड्न जोस्याउने प्रगतिवादी रचना सिर्जना गरे । उनका कृतिमा चरी (कविता) बाढी (कविता) अमर कथा (कथा) मुक्तिनारायण (खण्डकाव्य) मुक्त सुदामा (खण्डकाव्य) युद्धप्रसाद मिश्रका कविता ( कवितासङ्ग्रह) रहेका छन् ।

उनको साहित्यिक योगदानको प्रशंसा गर्दै प्रगतिशील लेखक कलाकार सङ्घले २०४१ सालमा अभिनन्दन गरेको थियो । मृत्युपश्चात् पनि उनको सम्मानमा युद्धप्रसाद मिश्र प्रतिष्ठान गठन गरी विभिन्न कार्यक्रम सञ्चालन हुँदै आएका छन् । प्रतिष्ठानद्वारा साहित्यका विभिन्न विधा तथा क्षेत्रमा काम गरेका स्रष्टा तथा संस्थालाई पुरस्कृत गर्ने गरिएको छ । मिश्रले विसं २०४५ को 'स्रष्टा पुरस्कार' र वि.सं २०४६ को 'कृष्णमणि साहित्य पुरस्कार' प्राप्त गरेका थिए । प्रगतिशील लेखक सङ्घबाट वि.सं. २०४१ मा अभिनन्दित भएका मिश्रको नाममा हाल 'कवि युद्धप्रसाद मिश्र पुरस्कार'को स्थापना गरिएको छ ।

यी महान् तथा स्वाभिमानी कविको २०४७ साल फागुन ६ गते ८३ वर्षको उमेरमा वीर अस्पतालमा निधन भयो ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) युद्धप्रसाद मिश्रको जन्म कहिले र कहाँ भएको थियो ?
(ख) युद्धप्रसाद मिश्रले कतिसम्मको शिक्षा आर्जन गरेका छन् ?
(ग) युद्धप्रसाद मिश्रको जागिरे जीवन कहिले देखि सुरु भएको थियो ?
(घ) युद्धप्रसाद मिश्रका कृति कुन कुन हुन् ?

**२. तलका खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) प्रारम्भिक शिक्षा सकेपछि उनलाई त्यस बेलाको ....................मा भर्ना गरियो ।
(ख) मिश्रलाई ............ भाषाको पनि राम्रै ज्ञान थियो ।
(ग) वि.सं. १९८६ मा उनले................लघुकाव्य रचना गरेका थिए ।
(घ) मिश्रले वि.सं. .......... मा विद्यार्थी शिक्षा नामको कविता गोरखापत्रमा प्रकाशित गरे ।
(ङ) मिश्रको निधन............... गते ८३ वर्षको उमेरमा वीर अस्पतालमा भयो ।


**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) युद्धप्रसाद मिश्रको बाल्यकाल कस्तो रह्यो ?
(ख) युद्धप्रसाद मिश्रको साहित्यिक योगदानबारे चर्चा गर्नुहोस् ।

**४. आफ्नो वडामा रहेका समाजसेवी व्यक्तिको पहिचान गरी जीवनी तयार पार्नुहोस् ।**

पाठ ४

## नागरिक सचेतना




नागरिकलाई प्रदान गरिने चेतना नै नागरिक चेतना हो । सार्वजनिक चासो, हक, अधिकार, काम, कर्तव्य पनि नागरिक चेतना हो । यसले व्यक्ति, समाज र राष्ट्रप्रतिको दायित्व र जिम्मेवारी बढाउँछ । यसबाट प्रत्येक नागरिकमा त्याग, योगदान र सेवाको भावना विकास हुन्छ । नागरिक नैतिकवान् र कर्तव्यनिष्ठ हुन्छन् । सामाजिक एकता र सहिष्णुता कायम हुन्छ । फलस्वरूप समतामूलक समाज र समृद्ध राष्ट्रनिर्माणमा टेवा पुग्छ ।

नागरिक चेतना सार्वजनिक रूपमा असल व्यवहार गर्ने तरिका हो । केही प्रमुख असल व्यवहारलाई निम्नअनुसार प्रस्तुत गर्न सकिन्छ :

(क) सडक, गल्ली तथा सार्वजनिक स्थानलाई सफा सुग्घर राख्ने
(ख) सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने
(ग) समयको महत्व बुझी कार्य गर्ने
(घ) अपाङ्गता भएका, असहाय, ज्येष्ठ नागरिकलाई सहयोग गर्ने
(ङ) सबैप्रति नम्र र आदरभाव राख्ने
(च) ट्राफिक नियमको पालना गर्ने
(छ) स्रोत साधनको संरक्षण गर्ने
(ज) इमानदारीपूर्वक कर तिर्ने
(झ) अनियमितता, भ्रष्टाचार नगर्ने र गर्न नदिने
(ञ) देशको माया गर्ने
(ट) कानुनको पालना गर्ने
(ठ) सार्वजनिक शिष्टाचार कायम गर्ने
(ड) देशको आलोचना नगर्ने




नागरिक चेतनाले असल र सभ्य समाज निर्माणमा महत्वपूर्ण सहयोग पुऱ्याउँछ ।

### १. असल समाजका तत्व

**(क) अपनत्व :** समाजप्रतिको दायित्व बोध, समाज मेरा लागि र म समाजका लागि भन्ने भावनाले अपनत्वको भावना बढाउँछ । अपनत्व बढ्दा स्वत:स्फूर्त रूपमा सक्रियता बढ्छ । सक्रियताले गतिशीलता र विकासलाई मदत गर्छ ।

(ख) **सामूहिक भावना :** सामूहिक भावनाले समाजलाई गतिशील र जिम्मेवार बनाउँछ ।

**(ग) एकता :** समाजका भलाइका लागि एकताबद्ध भई निर्णय गर्न, एकताबाटै सामूहिक कार्य गर्न र सामर्थ्य प्राप्त गर्नेतर्फ समाज अघि बढ्छ ।

**(घ) सहयोग र सहकार्य :** सहयोग र सहकार्यबाट साझा लक्ष्य प्राप्त गर्न सकिन्छ । यसबाट साथी बढ्छन् र आफ्नोपनको भावना सिर्जना हुन्छ ।

**(ङ) मेलमिलाप :** आपसमा मिलर बस्नु, मिलेर कार्य गर्नु एवम् अप्ठेरामा परेकालाई मदत गर्नु नै मेलमिलाप हो । यो समाजको महत्वपूर्ण तत्व हो ।

**(च) सद्भाव र प्रेम :** सबैप्रति समभाव प्रकट गर्ने, आपसी प्रेम र विश्वास गर्ने जस्ता व्यवहार असल समाजका महत्वपूर्ण तत्व हुन् । व्यक्ति साना छँदा आमाबाबु  र पछि परिवार तथा समुदायको सद्भाव र प्रेम चाहिन्छ । सद्भाव र प्रेमले पारस्परिक सम्बन्ध बढाउँछ ।  आपसी सहयोग र मेलमिलापको आदानप्रदान गराउँछ र सुरक्षा र विश्वास पैदा गराउँछ ।

**(छ) नियमको पालना :** सामाजिक नियमको पालना र उल्लङ्घन गर्नेलाई व्यवहार सुधार्न आग्रह गर्दा समाज सुधारमा सहयोग पुग्छ ।

**२. नागरिक चेतना  आवश्यकता/उद्देश्य/महत्व**



(क)  असल व्यक्ति र नागरिक निर्माण गर्नु
(ख)  असल लोकतन्त्रवादीको निर्माण गर्नु
(ग)  विकासमा जनसहभागिता अभिवृद्धि गर्नु
(घ)  सबैको अधिकारको सम्मान गर्नु
(ङ) राष्ट्रियगान, राष्ट्रिय झन्डा, सहिद र स्वाभिमानको सम्मान र रक्षा गर्नु
(च)  सार्वजनिक सम्पत्तिप्रति अपनत्वको बोध गराउनु
(छ) असल राज्य र शासन प्रणालीको विकास गर्नु
(ज)  साधन स्रोत वितरणको न्यायोचित प्रणाली विकास गर्नु
(झ) साधन स्रोत र अवसरको विवेकपूर्ण र समुचित प्रयोगका लागि उपयुक्त वातावरणको निर्माण गर्नु
(ञ)  नागरिक सशक्तीकरण गर्नु
(ट)  सार्वजनिक सरोकारको विषयमा नागरिकलाई सहभागी हुन आवश्यक पर्ने ज्ञान, सिप र हैसियतको विकास गर्नु

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) नागरिक किन सचेत हुनुपर्छ ?

(ख) एउटा सचेत नागरिकले गर्नुपर्ने कुनै तीनओटा काम लेख्नुहोस् ।

(ग) समाजमा बसेर किन नियमको पालना गर्नुपर्छ ?

(घ) सद्भाव र प्रेमले कसरी समाजलाई असल बनाउँछ ?

(ङ) समाजमा खराब मानिसको सङ्ख्या बढ्यो भने के हुन्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक वाक्य बनाएर लेख्नुहोस् :**

(क) सामुहिक भावनाले समाजलाई गतिशील र गैर जिम्मेवार बनाउँछ ।

(ख) नागरिक चेतना हुनु भनेको सार्वजनिक रूपमा असल व्यवहार गर्ने तरिका नहुनु हो ।

(ग) सामाजिक नियमको पालना गर्नेलाई व्यवहार सुधार्न आग्रह गर्दा समाज सुधारमा सहयोग पुग्छ ।

(घ) साधन स्रोत र अवसरको जथाभावी प्रयोग गर्नु एकदमै राम्रो हो ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) नागरिक सचेतनाको के महत्व छ ? आफ्ना विचार व्यक्त गर्नुहोस् ।

**४. तपाईंको समुदायमा बसेको मानिसमा सचेतना ल्याउन तपाईं के के गर्न सक्नुहुन्छ ? समूहमा छलफल गरेर कक्षामा प्रस्तुत गर्नुहोस् ।**

**परियोजना कार्य**

**महिला हिंसाविरुद्धको अभियानका लागि प्लेकार्ड बनाई सचेतना फैलाउन विद्यालयको नजिकको टोलमा शान्तिऱ्याली निकाल्नुहोस् ।**

# एकाइ तीन : हाम्रो सम्पदा

## पूर्वज्ञान

(क) तपाईंको विद्यालयको आसपासमा कुन कुन सार्वजनिक सम्पदा छन् ?
(ख) तिनीहरूको संरक्षण कसले गरेका छन् ?
(ग) सम्पदाको संरक्षण कसले र किन गर्नुपर्छ ?





पाठ १

## केदारनाथको शिर : डोलेश्वर

डोलेश्वर महादेव मन्दिर सूर्यविनायक नगरपालिकाको वडा नं. ८ मा पर्छ । यो काठमाडौँ उपत्यकाको भक्तपुर नगरको आग्नेय कोणमा  अवस्थित छ । डोलेश्वर महादेवलाई नेपाल भाषा (नेवारी) मा 'सिपारे माघो' भनिन्छ । डोलेश्वर महादेवलाई हिमवतखण्डमा विमलेश्वर महादेव भनी उल्लेख भएको पाइन्छ । श्री डोलेश्वर महादेवको नाम भौगोलिक अवस्थाको अध्ययन गरेर मात्र नामकरण भएको अनुमान लगाउन सकिन्छ । ढोला शिखरपर्वत शृङ्खलाको दक्षिण भागमा डोला परेको पहाडथियो । यसको काखमा अवस्थित यो शिवलिङ्गलाई प्राचीनकालमा यो नामले पुकारिन्थ्यो । यो शिवलिङ्गको उत्पत्ति द्वापर युगको अन्त र कलियुगको प्रारम्भ कालमा भएको हो ।  पाण्डवले समेत तीर्थाटन गरिएको किंवदन्ती पनि कतै कतै सुन्न पाइन्छ  । कालान्तरमा यही शिवालयको नाउँ 'डोलेश्वर' रहेको कुराको प्रमाण छ । मन्दिर परिसरमा  विक्रम संवत् १६२९ मा राजा भूपतीन्द्र मल्लले  शिलालेख राखेका छन् । यसले  त्यस समयभन्दा पहिलेदेखि 'डोलेश्वर' को नाउँले चिनिने रहेछ भन्ने प्रमाणित गर्छ ।



नेपाल भाषा (नेवार) मा शिवलिङ्गलाई 'सि' भनिन्छ । त्यसैबाट 'सिपारे माघो' भन्ने गरियो । 'डोलेश्वर' र 'सिपारे' दुवै नाम डोलेश्वरका लागि प्रयोग हुँदै आएका छन् । सिपा तथा डोल शब्द मिलेर सिपाडोल शब्द बनेको हो ।

डोलेश्वर महादेवको ऐतिहासिक पृष्ठभूमिको अध्ययन गर्दा धेरै प्रमाणिक विषयवस्तु भेटिएका छन् । नेपाल मण्डलका लिच्छवि तथा मल्ल राजाले डोलेश्वर महादेवको मन्दिर छानायुक्त (प्यागोडा शैली) शैलीमा बनाएका थिए । यो तीन तल्ले थियो । १९९० सालको भूकम्पमा भत्किएपछि मन्दिर 'गुम्बज' शैलीमा निर्माण गरिएको थियो । हाल आएर छानायुक्त (प्यागोडा शैली) शैलीमै पुनः निर्माण गरिएको देखिन्छ ।   महाभारतकालीन पाण्डव पनि डोलेश्वर महादेवको दर्शन गर्न आएका थिए भन्ने प्रमाण पौखेलबाट पूर्वतर्फ रहेको पाण्डव ढुङ्गाले प्रमाणित गर्छ । डोलेश्वर महादेवलाई विमलेश्वर, सिपारे

माघो र डोलेश्वर भन्ने गरिन्छ । २०६६ साल भदौ ६ गते डोलेश्वर महादेवलाई केदारनाथजीको शिरभाग भन्ने घोषणा भइसकेपछि, केदारनाथजी पनि भन्ने गरिएको छ । सबभन्दा महत्वपूर्ण कुरा बाह्र ज्योर्तिलिङ्गमध्येमा यो महत्वपूर्ण छ । भारतको उत्तराखण्डमा अवस्थित केदारनाथ महादेवको शिरोभाग पाशुपत क्षेत्रमा रहेको छ । काठमाडौँ उपत्यकाअन्तर्गत भक्तपुर जिल्लाको सिपाडोलमा डोलेश्वर महादेव रहनु हामी सबैको गौरव हो ।

यहाँ अक्षय तृतीया, केदारनाथको शिर घोषणा भएको दिन भदौ ६ गते र शिवरात्री तथा श्रावण महिनाभरि भक्तजनको भिड लाग्छ । यहाँ आन्तरिक तथा बाह्य पर्यटक पनि दर्शन गर्न आउँछन् । मन्दिरमा भजन कीर्तनका साथै स्थानीय बाजागाजासहितका झाँकीसहित महादेवको दर्शनका लागि भक्तालु आउँछन् । अन्य समयमा पनि दर्शनार्थीको आवत्जावत् हुने गर्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) डोलेश्वरको मन्दिर कुन जिल्लाको कुन नगरपालिकामा रहेको छ ?

(ख) डोलेश्वर महादेवलाई नेवारी भाषामा के भनिन्छ ?

(ग) डोलेश्वरको मन्दिर कुन शैलीमा बनेको छ ?

(घ) महाभारतकालमा पाण्डव डोलेश्वर दर्शन गर्न आएको कुरा केबाट प्रस्ट हुन्छ ?

(ङ) कुन मितिमा डोलेश्वरलाई केदारनाथको शिर घोषणा गरियो ?

(च) कुन कुन दिनमा डोलेश्वरमा मानिसको घुँइचो लाग्दछ ?

**२. खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) डोलेश्वर महादेवलाई ....खण्डमा विमलेश्वर महादेव भनी उल्लेख भएको पाइन्छ ।

(ख) ....साल .....६ गते यस डोलेश्वर महादेवलाई केदारनाथजीको शिरभाग भन्ने घोषणा गरियो ।

(ग) डोलेश्वरमा वर्षको ...पटक मानिसको चहलपहल बढी हुन्छ ।

(घ) पाण्डवहरू पनि ......दर्शन गर्न आएको किंवदन्ती छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) डोलेश्वरको धामिक महत्वको छोटो वर्णन गर्नुहोस् ।

**४. कक्षाका साथीहरू मिलेर आफ्नो घर या स्कुल नजिकैको मन्दिर सरसफाइ गर्ने कार्यक्रम बनाउनु होस् र कार्यान्वयन गर्नुहोस् ।**

पाठ २

# हाम्रा ऐतिहासिक तथा धार्मिक स्थल

## १.आशापुरेश्वर महादेव



आशापुरेश्वर भक्तपुर र काभ्रेको सङ्गमस्थलमा अवस्थित एक प्रसिद्ध तीर्थस्थलको हो । यो मन्दिर लिच्छविकालभन्दा पनि पहिलेको हो भनी नेपाल महात्म्यमा उल्लेख गरिएको छ । आशापुरेश्वर तीन शब्द ‘आशा’, ‘पुर’ र ‘ईश्वर’ मिलेर बनेको शब्द हो । आशा भन्नाले इच्छा हो । पुर भन्नाले सहर हो । ईश्वर भनेको भगवान् हो । यसरी आशापुरेश्वर भन्नाले आशा पूर्ण गर्ने सहरमा अवस्थित ईश्वर भन्ने बुझिन्छ । यस महादेवको पूजा गर्नाले भक्तजनको आशा पूर्ण हुन्छ भन्ने जनविश्वास रहेको छ । दुई गङ्गाको काबेरी र नर्मदाको सङ्गमस्थलमा निर्मित यस पवित्र स्थल शान्त, स्वच्छ र मनमोहक वातावरणमा रहेको छ । मानिसहरू थकान मेट्न, पुण्य कमाउन यस परिसरको भ्रमण गर्ने गर्छ । यहाँ श्रावणको सोमबार, कात्तिक महिनाको प्रत्येक सोमबार र माघ महिनाको मकर सङ्क्रान्तिका दिन मेला लाग्ने गर्छ ।

## २.सुवर्णेश्वर महादेव/लुचु महादेव



सूर्यविनायक ५ भक्तपुरको कटुन्जेमा सन् ७५३ मा लुचु महादेवको स्थापना भएको थियो । ‘लुचु’ शब्द नेपाल भाषाको शब्द हो । ‘लु’ भनेको सुन हो । ‘चु’ भनेको धुलो हो । यसरी लुचु भन्नाले सुनको धुलो भन्ने अर्थ लाग्छ । यसलाई नेपाली भाषामा सुवर्णेश्वर महादेव भनिन्छ । यी महादेवले भक्तलाई सुनले भरिपूर्ण पारिदिन्छन् भन्ने जनविश्वास छ । सल्लाघारीको बिचमा शान्त, शीतल वातावरणमा अवस्थित सुवर्णेश्वरबाट उपत्यकाका तीनै जिल्लाको मनोरम दृश्य देखिन्छ । लामो सिँढी उक्लेपछि पुग्ने सुवर्णेश्वर महादेव परिसरमा सर्वमान्य नेता गणेशमान सिंहको पूर्ण कदको मूर्ति छ । श्रावणको सोमबार मेला लाग्ने यस मन्दिरमा शिवरात्रीको दिन पनि भक्तजनको घुइँचो लाग्छ ।

## ३. चरखन्डी तीर्थस्थल

चरखन्डी काठमाडौँ उपत्यकाको स्वच्छ तीर्थस्थल हो । यो तीर्थस्थल भक्तपुर र ललितपुर जिल्लाको सिमाना भई बग्ने चरखन्डी खोलामा अवस्थित छ । स्वस्थानी व्रत कथामा यहाँ अवस्थित चटकेश्वर महादेवको वर्णन गरेको पाइन्छ । खोलाको बिचमा प्राकृतिक स्वरूपमा रहेको महादेवको ज्योतिर्लिङ्गको दर्शन गर्दा अकल्पनीय आनन्दको अनुभूति हुन्छ । यस तीर्थस्थलमा प्राचीन कालदेखि विभिन्न समयमा देवदेवीको मन्दिर तथा मूर्ति निर्माण गरिँदै आएको पाइन्छ । यहाँका श्रीगणेश, विष्णु, लक्ष्मी, राधा, कृष्ण र हनुमानका मन्दिर तथा मूर्ति निकै प्राचीन देखिन्छन् । यस तीर्थस्थलमा श्राद्ध तथा दाहसंस्कार गर्नका लागि उचित व्यवस्था गरिएको छ । लगभग १२ रोपनी जग्गामा फैलिएको यस तीर्थस्थलमा धेरै भिड हुँदैन । शान्त र स्वच्छ तीर्थयात्रा गर्नका लागि चरखन्डी उपयुक्त छ ।



## ४. पाथिभरा मन्दिर

भक्तपुरको सूर्यविनायक नगरपालिका गुण्डूमा पाथिभरा माताको मन्दिर स्थापना गरिएको छ । पाँच रोपनी क्षेत्रफलमा प्रसिद्ध पाथिभरा मन्दिर रहेको छ । यहाँ माताको ३५० केजीको अष्ट धातुबाट निर्मित मूर्ति विधिवत् रूपमा प्राणप्रतिष्ठासहित स्थापना गरिएको छ । पाँच महिना लगाएर रु ११ लाखमा निर्माण गरिएको पाथिभरा मन्दिरको निर्माणसँगै भक्तपुरमा आन्तरिक तथा बाह्य पर्यटकको आवागमनमा वृद्धि हुने भएको छ ।

## ५.रानीकोट

भक्तपुर र पनौती नगरपालिकासँग जोडिएको रानीकोट समुद्री सतहबाट दुई हजार मिटर उचाइमा अवस्थित छ । यहाँबाट काठमाडौँ उपत्यकासहित लाङटाङ हिमशृङ्खला आँखै अगाडि देख्न सकिन्छ । रानीकोटबाट सबैभन्दा नजिकबाट नियाल्न सकिने हिमाल दोर्जे लाक्पा र लाङटाङ हो ।

रानीकोटमा पहिले दरबार थियो रे तर प्रमाणित हुन सकेको छैन । स्थानीय र पुरातत्व विभागले रानीकोटमा सैनिकको टुकटी रहेको बताउँदै आएका छन् । रानीकोटमा हाल कुनै संरचना नभए पनि पुराना इँटाका अवशेष भने भेटिन्छन् । यिनै पुराना केही अवशेषको संरक्षण नहुँदा अहिले रानीकोट क्षेत्र खण्डहरमा परिणत हुँदै गएको छ । रानीकोट काठमाडौँ उपत्यकासहित हिमशृङ्खला हेर्नका लागि उपयुक्त मानिन्छ । रानीकोटसम्म पक्की सडक भएकाले अहिले आन्तरिक पर्यटकको चहलपहल बढेको छ । रानीकोटमा बाघ भैरव पनि छ । जुन ढुङ्गाको बाघको आकारमा मूर्ति देखिन्छ । त्यसैले यसलाई बाघभैरव पनि भनिन्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) आशापुरेश्वर कुन कुन शब्द मिलेर बनेको हो ?

(ख) लुचु महादेव भनेर कसलाई चिनिन्छ ?

(ग) चरखन्डी तीर्थस्थल कहाँ छ ?

(घ) रानीकोट केका लागि प्रसिद्ध छ ?

(ङ) सूर्यविनायक नगरपालिकाको कुन ठाउँमा पाथीभरा देवीको मन्दिर छ ?

**२. खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) आशापुरेश्वर महादेवले मानिसका इच्छा ......गर्ने विश्वास गरिन्छ ।

(ख) .....महादेवले भक्तलाई सुनले भरिपूर्ण गरिदिन्छन् भने जनविश्वास पनि रहेको छ ।

(ग) स्वस्थानी व्रत कथामा ......महादेवको वर्णन गरेको पाइन्छ ।

(घ) रानीकोटबाट उत्तरमा पर्ने ........, .....हिमाल देख्न सकिन्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) कुनै एकको बारेमा छोटो वर्णन गर्नुहोस् :

(अ) चरखन्डी तीर्थस्थल (आ) सुर्वणेश्वर मन्दिर

**परियोजना कार्य**

**आफ्नो कक्षाका साथी मिलेर माथि पाठमा नभएका तर सूर्यविनायकभित्र रहेका कुनै दुई महत्वपूर्ण मन्दिर/तीर्थस्थल घुम्नुहोस् र तिनका बारेमा जानकारी तयार पार्नुहोस् ।**

# एकाइ चार : कृषि

**पूर्वज्ञान**

(क) तपाईंको घरमा कुन कुन खालको तरकारी आउँछन् ?
(ख) तपाईंले खाने तरकारी फल्ने खास मौसम कुन हो ?
(ग) मानिसले किन अरु मौसममा पनि तरकारी लगाउँछन् होला ?



पाठ १

# बेमौसमी तरकारी खेती प्रविधि

## १. बेमौसमी तरकारी खेती

आजभोलि नेपालमा बेमौसमी तरकारी खेतीको महत्व उच्च रहेको छ । नेपालको भौगोलिक धरातल र विविध हावापानी बेमौसमी खेतीका लागि उपयुक्त छ । यहाँ ऋतुमा विविधिता हुनुका साथै मासिक, साप्ताहिक र अरु दैनिक रूपमा तापक्रम तलमाथि हुने हुन्छ । त्यसैले विभिन्न बालीको गुणमा असर परिरहेको हुन्छ । कहिले ज्यादै चिसो, कहिले ज्यादै गर्मी हुन्छ । वर्षे तरकारी हिउँदमा नपाइने र हिउँदे तरकारी वर्षायाममा नपाइने पनि हुन्छ ।

सबै तरकारी बाली सबै मौसममा प्राप्त गर्न बेमौसमी खेती गरिन्छ । तरकारी बाहिरी वातावरणभन्दा भिन्नै वातावरणमा फलाउन तयार पारिने प्रविधिलाई बेमौसमी तरकारी प्रविधि भनिन्छ । नेपालको तराई, भित्री तराई, बेँसी, टार र खोच, मध्यपहाड, उच्च पहाड (हिमाली खण्ड) आदि क्षेत्रमा (समुद्र सतहबाट ६१ मिटर देखि २६०० मिटर) बेमौसमी तरकारी खेती गर्न सकिन्छ । नेपालमा खासगरी असारदेखि मङ्सिरसम्म उत्पादन गरिने तरकारी बालीलाई बेमौसमी तरकारी बाली भनिन्छ । यो समयमा तरकारी अभाव हुने र उत्पादन हुने तरकारीको मूल्य बढी पर्ने हुन्छ । यही कारणले किसानहरू बेमौसमी तरकारी खेतीमा बढी आकर्षित भइरहेका छन् । मुख्य समयमा वा मुख्य मौसमबाहेकको समयमा केही अघि वा पछि उत्पादन गरिने तरकारी खेती प्रविधिलाई बेमौसमी तरकारी खेती भनिन्छ । सबै प्रकारका तरकारी बालीको बेमौसमी खेती गर्न सकिन्छ । कुनै स्थानमा कुनै बाली मौसमी हुन्छन् भने सोही बाली अर्को स्थानमा खेती गर्दा बेमौसमी हुन पुग्छ । तरकारी खेतीबाट अन्य बालीको तुलनामा कृषकले छोटो समयमा नै धेरै राम्रो आम्दानी गर्न सक्छन् । मानिसको स्वास्थ्यका लागि आवश्यक पर्ने प्रायः सबै पोषण तत्व प्रचुर मात्रामा पाइन्छ । मौसमी बालीको जस्तो सामान्य तरिकाले बेर्ना उत्पादन गरी बेमौसमी तरकारी बाली लिनलाई गाह्रो हुन्छ । पछिल्लो समय सूर्यविनायक नगरपालिकाको विभिन्न क्षेत्रमा यस्ता खेतीहरू हुन थालेका छन् । जसका कारण कृषकहरूलाई समेत फाइदा पुगेको छ ।

### (क) बेमौसमी तरकारी खेतीका फाइदा

(अ) बढी आम्दानी हुने
(आ) चाँडै आम्दानी हुने
(इ) बेमौसममा पनि ताजा तरकारी उपभोग गर्न पाइने
(ई) विदेशमा निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिने
(उ) स्थानीय स्तरमा नै दक्ष, अर्धदक्ष तथा प्राविधिको विकास हुने
(ऊ) तरकारी खेतीको व्यावसायीकरण हुने

### (ख) बेमौसमी तरकारी खेतीका बेफाइदा

(अ) सुरुमा केही बढी लगानी हुन सक्छ ।

(आ) तरकारीअनुसारको स्थान र हावापानी तथा जातको उपयुक्त रूपले छनोट हुनुपर्छ ।
(इ) विशेष प्राविधिक ज्ञानको आवश्यक पर्ने हुनाले कृषकहरू प्राविधिक रूपमा दक्ष हुनुपर्छ ।
(ई) रोग र किराको प्रकोप अन्य मौसमी खेतीमा भन्दा बढी हुने हुनाले कहिलेकाहीँ जोखिमपूर्ण हुन्छ ।
(उ) रोग र किराको प्रकोप नियन्त्रण गर्ने धेरै विषादीको प्रयोग गर्नुपर्ने हुन सक्छ ।
(ऊ) नियमित स्याहारसम्भार गरिरहनुपर्छ ।
(ऋ) बाटोघाटो र यातायातको सुविधा राम्रो हुनुका साथै बजार व्यवस्थापनमा विशेष ध्यान दिनुपर्छ ।
(ए) बजार नजिक नभए व्यावसायिक रूपमा खेती गर्न सकिँदैन ।

मौसमी र बेमौसमी तरकारी उत्पादन गरेर आयस्तर बढाउन सकिन्छ । बेमौसमी तरकारी खेती गर्न निम्नानुसाका कुरामा ध्यान दिनुपर्छ :

### (क) अनुकूल वातावरणको सिर्जना

अनुकूल वातावरण सिर्जना गरेर कुनै पनि समयमा आफूले चाहेअनुसारको तरकारी उत्पादन गर्न सकिन्छ । आजभोलि प्लास्टिक घरभित्र तरकारी खेती गर्ने चलन बढेको छ । विशेष गरी जाडो याममा उच्च पहाडमा ठुला ठुला प्लास्टिकका घर बनाई तरकारी खेती गर्न सकिन्छ । यसमा भित्र पसेर विभिन्न कृषि कर्म गर्न सकिन्छ । वर्षाको समयमा मध्य पहाडी इलाकामा प्लास्टिकको छाना मात्र हाली गोलभैँडा, भन्टा आदि बेमौसमी तरकारी उत्पादन गर्न सकिन्छ । यो प्रविधि स्थायी प्रकृतिको हुन्छ । प्राविधिक ज्ञान भएका तथा धनी कृषकले यस्तो खेती गर्न सक्छन् ।

### (ख) प्लास्टिक टनेलभित्र तरकारी खेती

यस प्रविधिमा साधारणतया पाँच मिटर चौडा र २० मिटर वा आवश्यकताअनुसारको लम्बाइको प्लास्टिकको टनेल बनाइन्छ । यसलाई बाँस, डोरी आदिको सहयोगले प्लास्टिकलाई अड्याउने काम गरिन्छ । यसबाट बिरुवालाई हिउँदको चिसो र वर्षाको पानीबाट बचाउन सकिन्छ । बिरुवाहरू सजिलैसँग छिटो छिटो बढ्छन् । यो प्रविधि अस्थायी प्रकृतिको हुन्छ । तरकारी फलिसकेपछि समयानुसार टनेल हटाइन्छ ।



## २. करेसाबारी : परिचय र महत्व

करेसाबारी घरमै खाने ताजा तरकारी र मसला बाली (जस्तैः लसुन, प्याज, अदुवा, बेसार, धनिया आदि) वर्षैभरि उत्पादन गर्न प्रयोग गरिने घरवरिपरिको जग्गालाई करेसाबारी भनिन्छ । आफ्नो परिवारका सदस्यलाई वर्षैभरि पुग्ने तरकारी र मसला बाली उत्पादनका लागि करेसाबारीमा मिलाएर लगाउनुपर्छ । करेसाबारीको आकार घरको परिवार सङ्ख्यामा भर पर्छ । जमिन खाली नराखी बहुतह तथा घुम्ती बाली प्रणाली अपनाएर खेती गर्न सकेमा २०० वर्ग मिटर (१० मिटर चौडाइ र २० मिटर लम्बाइ भएको) जग्गामा बनाइएको करेसाबारीले चार पाँच जना सदस्य भएको परिवारलाई तरकारी खान पुग्छ ।



**(क) करेसाबारीका फाइदा**

(अ) परिवारका सदस्यका लागि खान आवश्यक पर्ने ताजा तरकारी र मसलाबाली वर्षैभरि उपलब्ध हुन्छ । फलस्वरूप तरकारी किन्नका लागि खर्च गर्नुपर्ने पैसा र समयको बचत हुन्छ ।

(आ) हानिकारक रसायन र विषादी प्रयोग नगरी करेसाबारीमा उत्पादन गरिएको ताजा र पोसिलो तरकारी खानाले मानिसको स्वस्थ राम्रो हुन्छ । यसका साथै करेसाबारीमा काम गर्दा शारीरिक व्यायाम भई शरीर फुर्तिलो पनि हुन्छ ।

(इ) भान्छाबाट निस्कने फोहर, घरको वरपर उम्रिएका अनावश्यक झारपात, जुठेल्नामा जम्मा भएको र धाराबाट खेर जाने पानीको पुनः प्रयोग गरी सदुपयोग गर्न सकिन्छ ।

(ई) घरवरिपरिको वातावरण स्वच्छ र सफा राख्दै उपयोग नगरिएको जमिनको प्रयोग गरी उत्पादनमूलक काममा सदुपयोग गर्न सकिन्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**
(क) बेमौसमी तरकारी खेती भनेको कस्तो खेती हो ?
(ख) कस्तो स्थानमा बेमौसमी खेती गर्न सकिन्छ ?
(ग) करेसाबारी भनेको के हो ?
(घ) करेसाबारीका कुनै चार फाइदा लेख्नुहोस् ।
(ङ) करेसाबारीमा के के खेती गर्न सकिन्छ ?

**२. तलका बेठिक वाक्यलाई ठिक बनाई लेख्नुहोस् :**
(क) नेपालमा बेमौसमी तरकारी खेतीको महत्व ज्यादै नै उच्च रहेको छ ।
(ख) बेमौसमी तरकारी खेतीका लागि विशेष प्राविधिक ज्ञान आवश्यक पर्दैन ।
(ग) बेमौसमी तरकारी खेतीले बढी आम्दानी हुँदैन ।
(घ) करेसाबारीले परिवारलाई आवश्यक पर्ने ताजा तरकारी सजिलै उपलब्ध गराउन सक्दैन ।
(ङ) करेसाबारीले वातावरण सफा र स्वच्छ राख्न सहयोग पुग्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**
(क) बेमौसमी खेतीका फाइदा र बेफाइदा तालिका बनाई प्रस्तुत गर्नुहोस् ।
(ख) सूर्यविनायक नगरपालिकाभित्र करेसाबारी किन आवश्यक छ ? तर्क दिनुहोस् ।

**४. आफ्नो घरवरिपरि रहेको करेसाबारीको अवलोकन गर्नुहोस् र त्यहाँ कस्ता प्रकारका तरकारी खेती गरिएको छ लेख्नुहोस् ।**

५.बेमौसमी खेती गर्ने कुनै दुई तरिका उल्लेख गर्नुहोस् ।

पाठ : २

# गोलभैँडा खेती

गोलभैँडा खेती उच्च र मध्य पहाडमा वर्षायाममा गरिन्छ । खोँच र तराईमा हिउँदमा गरिन्छ । गोलभैँडाले धेरै तातो र चिसो दुवै खप्न सक्दैन । यसको उत्पादनमा मौसमअनुसार व्यवस्थापन गर्नुपर्छ ।



**जात :** एन.सी.एल. १, पुसा रुबी, मनप्रेकस

चिसो मौसममा गोलभैँडा रोप्न तातो नर्सरी वा प्लास्टिक घरको आवश्यकता पर्छ । वर्षायाममा उठेको ब्याड र त्यसमाथि छाप्रोको जरुरी पर्छ । सुक्खा मौसममा बसेको ब्याडको जरुरी पर्छ ।

**बिउ र बेर्ना दर बिउ :** १० ग्राम प्रतिरोपनी

**बेर्ना :** २,०००-२,५०० बेर्ना प्रतिरोपनी

### (क) जग्गाको तयारी

जग्गाको खनजोत गर्दा गहिराइ (३० से.मि.) हुने गरी जोत्नु वा खन्नुपर्छ । वर्षायाममा उँचो ड्याङ बनाएर निकासको प्रबन्ध गर्नुपर्छ । सुक्खा मौसममा बसेको होचो ब्याड बनाउनुपर्छ । यसले गर्दा चिस्यान कायम रहन मद्दत पुग्छ ।

**(ख) मलखाद :** १२० डोको (करिब ३ मे. टन)

राम्ररी पचेको प्राङ्गारिक मल प्रतिरोपनीका दरले प्रयोग गर्नुपर्छ । एउटा खाल्डामा एक मुठीको दरले खरानी हाल्नु राम्रो हुन्छ । रासायनिक मलको प्रयोग गर्ने भएमा १० के.जी. डी.ए.पी. र ६ के.जी. पोटास प्रतिरोपनीका दरले जग्गाको अन्तिम तयारी गर्दा हाल्नुपर्छ ।

### (ग) बेर्ना सार्ने

बेर्ना चार पाँच पाते हुँदा सार्नु उपयुक्त हुन्छ । बेर्नालाई सधैँ बेलुका/साँझमा सार्नुपर्छ । गोलभैँडा लगाएको ठाउँमा झार बढ्न दिनुहुँदैन । थप मल प्रत्येक पटक धेरै फल टिपेपछि गहुँत पानीको झोल प्रतिबोट २५० मि.लि.(करिब आधा माना) फेदमा हाल्नुपर्छ । बेर्ना सारेको तीन चार हप्तामा पहिलो र छ सात हप्तामा दोस्रो थपमल हाल्नुपर्छ । थप मल हाल्दा एक चिया चम्चा युरिया प्रतिबोटका दरले प्रयोग गर्न सकिन्छ । मल हालेपछि माटाले पुरेर सिँचाइ दिनुपर्छ ।

### (घ) काँटछाँट

बिरुवा १५ देखि २० से.मि. अग्लो भएपछि मुन्टा चुँडेर दुईचार ओटामात्र हाँगा आउन दिनुपर्छ । फेरि ३५ देखि ४० से.मि. माथि टुप्पा चुँडेर एक बोटमा जम्मा चारओटा हाँगा राख्नु राम्रो हुन्छ । गोलभैँडाको प्रत्येक आँख्लाबाट हाँगा छोड्ने भएकाले चारओटाभन्दा बढी हाँगा आउन नदिन नियमित रूपमा मुना चुँड्नुपर्छ ।

**(ङ) थाँक्रा दिने**

करेसाबारीमा एक बोटलाई एउटा थाँक्रा दिन सजिलो हुन्छ । धेरै क्षेत्रमा लगाउँदा भने सामूहिक थाँक्रा दिँदा काँटछाँटका लागि सजिलो हुन्छ ।

**(च) फल टिपाइ र संरक्षण**

गोलभैँडा टिप्नका लागि रातो हुने गरी पकाउनु पर्दैन । गोलभैँडा हरियोबाट हल्का पहेँलो रङ चढ्न थालेपछि टिप्नुपर्छ । यसो गर्दा घरायसी प्रयोजनका साथै बजारका लागि पनि उपयुक्त हुन्छ । गोलभैँडा नफल्ने यामका लागि चाना काटेर सुकाएर राख्न सकिन्छ । चाना सुकाउन कम खर्चमा बन्ने सूर्यको तापबाट सुकाउने भाँडो (सोलार ड्रायर) बनाउन सकिन्छ ।

अभ्यास

**१. गोलभैँडा खेती कुन समयमा गरिन्छ ?**

**२. गोलभैँडा खेतीका लागि जग्गाको तयारी कसरी गरिन्छ लेख्नुहोस् ।**

**३. गोलभैँडा खेतीमा काँटछाँट गर्दा के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?**

**४. गोलभैँडाका लागि मलखादको प्रयोग गर्दा के कुरामा ध्यान पुऱ्याउनुपर्छ ?**

**५. घरमा भएको करेसाबारीमा गोलभैँडाको बोट लगाउनुहोस् र त्यसमा आउने दैनिक परिवर्तन टिपोट गरी प्रस्तुत गर्नुहोस् ।**

**६. कक्षामा चार समूह बनाउनुहोस् । हरेक समूहले गोलभैँडा खेतीमा जस्तै अरु कुनै एक तरकारी खेतीका लागि आवश्यक सामग्रीको सूची बनाई चार्टपेपरमा लेखेर कक्षामा टाँस्नुहोस् ।**

पाठ ३

# जडीबुटीको महत्व : रैथाने उपचार पद्धति

औषधीका रूपमा उपयोगमा ल्याइने वनस्पतिका जरा र बुटालाई जडीबुटी भनिन्छ । कन्दमूल, ओखतीमुलोजस्ता नामबाट पनि जडीबुटीलाई चिनाइएको पाइन्छ । मानिस बिरामी पर्दा वा रोगव्याधिबाट छुटकारा पाउन जडीबुटीको उपयोग गर्न सकिन्छ । शरीरलाई स्वस्थ राख्न, मानसिक तनावबाट उन्मुक्ति पाउनका लागि पनि जडीबुटी अत्यन्त आवश्यक हुन्छन् । विश्वमा भएको चिकित्सापद्धतिको विकासको पृष्ठभूमि जडीबुटी नै हुन् । नेपालको भौगोलिक संरचना र यहाँ पाइने हावापानीको विविधताले पनि औषधीय गुण भएका विभिन्न वनस्पति पाइन्छन् । तिनै जरा र बुटाको उपयोग गर्न सकिने वनस्पतिलाई जडीबुटी भनिन्छ । हाम्रा प्राचीन पुर्खाले उपयोग गर्दै आएका केही जडीबुटीलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छ :

## १.तुलसी



तुलसी धेरै हाँगा फैलिएको एक वा बहुवर्षीय झारपात वर्गको वनस्पति हो । यसका साना च्याप्टा पात हुन्छन् । पात मिच्दा मिठो सुगन्ध आउँछ । यसमा बैजनी रङका साना वासनादार फूल फुल्छन् । तुलसीका पात, बिउ, फूल, डाँठ, जरा सम्पूर्ण भाग औषधीका रूपमा प्रयोग हुन्छन् । तुलसीको उपयोगिता निम्नलिखित रहेका छन् :

(क) यसका पात र फूलको रस रुगा, खोकी इन्फ्लुयज्जा, मलेरिया ब्रोनकाइटिसजस्ता रोग निको पार्ने औषधीका रूपमा प्रयोग हुन्छ ।

(ख)मुटु रोग, रगत सफा गर्ने औषधीका रूपमा पनि यसमा प्रयोग गरिन्छ ।

(ग) सर्प, बिच्छी, लामखुट्टेले टोकेको दुखाइ कम गर्ने औषधीका रूपमा पनि यसको प्रयोग गरिन्छ ।

(घ) यसका पातको रस ग्यास्टिक, झाडापखालामा समेत उपयोगी हुन्छ ।

(ङ) यसको तेल एन्टिब्याक्टेरियल, इन्सेक्टिसाइडका रूपमा प्रयोग गरिन्छ ।

(च) पात सलादका रूपमा पनि प्रयोग गरिन्छ ।

(छ) यसका दाना पिसाबसम्बन्धी समस्यामा र शक्तिवर्धक औषधीका रूपमा प्रयोग गरिन्छ ।

(ज) यसका पात तथा डाँठलाई पूजा गर्दा पवित्र वस्तुका रूपमा प्रयोग गरिन्छ ।

(झ) तुलसीलाई भगवान् विष्णुको अति प्रिय बिरुवाका रूपमा लिइन्छ ।



## २.घोडताप्रे (टोप्रेझार)

घोडताप्रे खेतबारी, कुलाको डिल, चिसो ओसिलो स्थानमा राम्रोसँग हुर्किन्छ । यो बहुवर्षीय झार वर्गको वनस्पति हो । साना लहराका

आँख्लाबाट जरा निस्किन्छ । साना च्याप्टा पात हुन्छन् । घोडताप्रेको उपयोगिता निम्नानुसार रहेको छ :

(क) घोडताप्रेका पात, जरा, डाँठ सबै भाग औषधीका रूपमा प्रयोग हुन्छ ।
(ख) यो भोक जगाउने, ग्यास्टिक, पखाला आदिमा निकै उपयोगी हुन्छ ।
(ग) जरो, दम, घाँटीको समस्यामा प्रयोग गरिन्छ ।
(घ) छारे रोग, स्नायु रोग, रगत सफा गर्ने औषधीका रूपमा पनि यसको प्रयोग गरिन्छ ।
(ङ)यसलाई टोनिक, स्मरण शक्ति बढाउने औषधीका रूपमा पनि प्रयोग गर्न सकिन्छ ।
(च) यो छालाको रोग, पिसाब पोल्ने समस्यामा पनि लाभदायी हुन्छ ।
(छ) मिस्री र घोडताप्रेका पात थिचेर खाँदा गर्मीको समस्या समाधान हुन्छ ।



**३. पुनर्नवा** : पुनर्नवा एकवर्षीय झार वर्गको वनस्पति हो । यसका मसिना लहरा हुन्छन् । लहराका आँखाबाट जरा र पात निस्केका हुन्छन् । साना च्याप्टा र चिल्ला पात प्रशस्त हुन्छन् । मसिना साना बैजनी रङका फूल फुल्छन् । यसलाई जडीबुटी र तरकारी दुवैका रूपमा प्रयोग गरिन्छ । यसका पात, डाँठ, जरा सबै उपयोगितालाई निम्नानुसार प्रस्तुत गरिएको छ :

(क) यो रक्त अल्पता, जन्डिसजस्ता रोगमा निकै उपयोगी हुन्छ ।
(ख) यो भिटामिन ए को राम्रो स्रोत हो ।
(ग) आँखाको ज्योति बढाउन यसको डाँठ र पातको तरकारी निकै प्रभावकारी हुन्छ ।
(घ) पेट दुखाइ, आन्तरिक सुजन कम गर्न पनि यसको प्रयोग गरिन्छ ।
(ङ)दम, पखाला रोक्ने औषधीका रूपमा पनि यसको प्रयोग गरिन्छ ।

**४. हलेदो**

हलेदो ओसिलो र छहारी भएको ठाउँमा राम्रोसँग हुर्किन्छ । यो बहुवर्षीय झारपात वर्गको वनस्पति हो । छदेखि १० ओटाका समूहमा गाढा पात रहेका हुन्छन् । लाम्चा र फराकिला पातको बिचमा करङ रहेको हुन्छ । पहेँला वा फिका गुलाबी रङका फूल फुल्छन् । पहेँलो सुगन्धित गानो मुख्य औषधीका रूपमा प्रयोग हुन्छ । यसको उपयोगिता यसप्रकार रहेको छ :

(क) चिसो र रुघाखोकीमा निकै उपयोगी हुन्छ ।



(ख) घाउ निको पार्न, सुन्निएको कम गर्न, विषाक्तता हटाउन एन्टिसेप्टिकका रूपमा यसको प्रयोग गरिन्छ ।
(ग) भोक जगाउन, पेटको गडबडी, झाडापखाला, रगतमासी, अल्सर रोगमा उपयोगी हुन्छ ।
(घ) रगत शुद्ध गर्न, छालाका रोगहरू निको पार्न उपयोगी हुन्छ ।
(ङ) सौन्दर्य प्रशोधनमा निकै उपयोगी मानिन्छ ।
(च) पूजामा पनि शुद्धीकरणका लागि यसको प्रयोग गरिन्छ ।

(छ) तरकारी, अचार, दालमा यसको (बेसार) प्रयोग गर्दा राम्रो देखिने, स्वादिलो हुने र औषधीका रूपमा समेत काम गर्छ ।

(ज) हाम्रो भान्सामा सबैभन्दा प्रयोगमा आउने गुणकारी बेसारका कारणले हाम्रो भान्साघर आफैँमा सानो प्राकृतिक औषधालय बन्ने छ ।

**५. बकाइनो**: बकाइनो सुक्खा ठाउँमा राम्रोसँग हुर्किन्छ । यसको बिरुवा र पात निमका जस्तै हुन्छन् । फूल सेतो र बैजनी रङका सुगन्धित हुन्छन् । फल अन्डाकार हुन्छ । त्यसभित्र पाँचओटा मसिना बिउ हुन्छन् । यसका उपयोगिता यसप्रकार रहेका छन्:

(क) बकाइनाको पात र फल औषधीका रूपमा प्रयोग हुन्छ ।



(ख) यसको फलबाट बनेका औषधी बाथ, पाठेघरको सङ्कुचनमा उपयोगी हुन्छ ।

(ग) रक्त विकार हराउन, पेटका जुका मार्न, कब्जियत हटाउन यसको प्रयोग गरिन्छ ।

(घ) यसको पातबाट बनेका औषधी मृगी रोगमा उपयोगी हुन्छ ।

(ङ) दाल तरकारी स्वादिलो बनाउन यसका पातले झान्ने गरिन्छ ।

(च) यसका पात बन्द भएको पिसाब खुलाउने, घाउ सुकाउने, छालाका रोग, जुम्रा मार्ने औषधीका रूपमा प्रयोग गरिन्छ ।

(छ) फललाई ज्वरो कम गर्ने, इन्फेक्सन कम गर्ने औषधीका रूपमा प्रयोग गरिन्छ ।

(ज) बिउलाई बाथ रोगमा प्रयोग गरिन्छ ।

(झ) जरालाई बान्ता रोक्ने, टाउको दुखेको, पिसाबसम्बन्धी समस्यामा प्रयोग गरिन्छ ।

(ञ) बिउबाट बनेको तेललाई मस्तिष्कको टोनिकका रूपमा प्रयोग गरिन्छ ।

(ट) फललाई मालाको रूपमा पनि प्रयोग गरिन्छ ।

**अभ्यास**

**१. खाली ठाउँ भर्नुहोस् :**

(क) तुलसी ..................................... झारपात वर्गको वनस्पति हो ।

(ख) घोडताप्रेका पात थिचेर खाँदा .................. समस्या समाधान हुन्छ ।

(ग) ..................लाई जडीबुटी र तरकारी दुवैका रूपमा प्रयोग गरिन्छ ।

(घ) बकाइनोको पात र फल .........................का रूपमा प्रयोग हुन्छ ।

**२. ठिक भए ठिक र बेठिक भए बेठिक लेख्नुहोस् :**

(क) तुलसीका पातको रस ग्यास्टिक, झाडापखालामा समेत उपयोगी हुन्छ ।
(ख) घोडताप्रे ज्वरो, दम, घाँटीको समस्यामा प्रयोग गरिन्छ ।
(ग) पुनर्नवालाई जडीबुटी र तरकारी दुवैको रूपमा प्रयोग गरिँदैन ।
(घ) हलेदो ओसिलो र छहारी भएको ठाउँमा राम्रोसँग हुर्किँदैन ।

**३. तलका प्रश्नको छोटो उत्तर दिनुहोस् :**
(क) तुलसीका कुनै चारओटा उपयोगिता बताउनुहोस् ।
(ख) टोप्रे झार कहाँ पाइन्छ ?
(ग) बकाइनोबाट कुन कुन रोगको उपचार गर्न सकिन्छ ?

**५. तलका प्रश्नको लामो उत्तर दिनुहोस् :**
(क) हलेदोका चारओटा उपयोगिता लेख्नुहोस् ।
(ख) टोप्रे झारबाट कस्ता प्रकारका रोग निको पार्न सकिन्छ ?
(ग) पुनर्नवा कुन कुन रोगमा उपयोगी हुन्छ ?

**६. भान्सामा प्रायः प्रयोग हुने चारओटा जडीबुटीको नाम र तिनका फाइदा आफ्नी आमासँग सोधेर लेख्नुहोस् ।**

**पाठ ४**

## स्थानीय परिकारको व्यावसायिक सम्भावना

खाना पहिले आँखाले, त्यसपछि नाकले र जिब्राले खान्छ । खानाको पहिलो ग्राहक आँखा हो । आकर्षक ढङ्गले पस्किएको खानामा आँखा रमाउँछ । हरर्र चल्ने बास्नाले नाक रमाउँछ अनि मात्रै जिब्राले स्वाद लिन्छ ।

पाककला पढाउनेहरूको ओठमै माथिको भनाइ झुन्डिएको हुन्छ । उनीहरू नेपालमा इन्डियन, चिनियाँ युरोपियन, कन्टिनेन्टल खाना पकाउन सिकाउँछन् । तिनले हाम्रा रैथाने परिकार पकाउन कमै सिकाउँछन् । काठमाडौँ, पोखरा, चितवनलगायत पर्यटकीय सहरका होटल/रेस्टुँरामा विदेशी परिकारको बासना हरर्र चल्छ । पर्यटक स्थानीय परिकार चाख्न चाहन्छन् । मन परे दोहोऱ्याएर खान्छन् । हाम्रो रैथाने परिकार राम्रोसँग पस्कन सके विदेशीका आँखा, नाक र जिब्रो पनि रमाउने थिए । विज्ञका अनुसार हाम्रा खाना पोसिला, गुनिला र स्वास्थ्यवर्धक छन् । नेवार परिकार र दालभातको राम्रो मार्केटिङ भइसकेकाले यी खाना स्वदेशी र विदेशी दुवै माझ प्रख्यात छन् । प्रयास गरे हिमाल र तराईका परिकारले पनि बजार लिन सक्छन् ।



नेवार भूमि भएकाले काठमाडौं उपत्यकाका गल्लीदेखि ठुल्ठुला होटलसम्म नेवार परिकारको विविधता पाइन्छ । सबै त्यसमा रमाएका छन् । बसाइँ सराइँसँगै पश्चिम तथा पूर्वबाट यता आएकाहरूले खोलेका रेष्टुरेन्टमा क्षेत्रीय विविधता भएका परिकारहरू पाइन्छ । कुनै भुगोल विशेषमा पाइने खाना फैलने क्रम बढ्दो छ । यसले स्थानीय परिकारको व्यावसायीकरणमा थप सहयोग पुऱ्याउँदै आएको छ भने अर्को भुगोलमा बस्नेहरूका जिब्रोले पनि त्यसको स्वाद लिन पाएका छन् ।

नेपालमा जातीय संस्कृति र परिकारको विविधता धेरै छ । पूर्व, पश्चिम, उत्तर, दक्षिण सबैतिरका खानाका आआफ्नै बिशेषता छन् । खानाकै कारण कति ठाउँ चर्चित छन् । पासाङ ल्हामु राजमार्ग 'ट्राउट हाइवे'मा रूपान्तरण भएको छ । तिखिदेवल कालो बङ्गुरको सेकुवा हब बनेको छ । हाँसको छोयलाका लागि धोबिघाट प्रख्यात छ । भक्तपुर जु जु धौ, 'च्वास्स झोल मःमः', यःमरी, चटामरी, समयबजी र नेवारी खानाका लागि प्रसिद्ध छ ।

मानिसहरू खानाकै लागि घरबाहिर जाने क्रम पनि बढेको छ । नेपाली जिब्रो परम्परागत स्वादमा रमाउँछ । काठमाडौँमा गुन्द्रुक, ढिँडो, भुजा, फापर र कोदोको ढिँडो पाइन्छ । मकै, भटमास, सुकुटी माछा, तोङ्बा, सेल रोटीलगायत परिकार बेच्ने रेस्टुँरा पनि छन् । नेवार र थकाली परिकारले आफ्नो स्थान जमाइसकेका छन् । राजधानीमा अन्यत्रका खाना पनि भित्रिँदै छन् ।

नेपाली खानाका परिकारलाई  नयाँ स्वरूप दिन सके अन्तर्राष्ट्रियस्तरमा हाम्रो खानाले प्रतिस्पर्धा गर्न सक्छ । नेपाली खाना चाख्नैका लागि पनि पर्यटक आउन सक्छन् । हामीले दालभातलगायत नेपाली भोजनका विविधतालाई एकीकृत रूपमा अघि बढाउन सक्नुपर्छ । नेपाली रक्सीमा विविधता पाइन्छ । बेग्लाबेग्लै समुदायको खाना पकाउने शैली र खानाले पर्यटक तान्न सक्छ । देशका प्रमुख सहरमा हाम्रा परम्परागत खाना प्रचार गर्न भोजन महोत्सव आयोजना गर्नुपर्छ । मेला महोत्सवमा स्थानीय परिकारलाई प्रवर्धन गर्ने कार्य गर्नुपर्छ  ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) पाककला भनेको के हो ?

(ख) ट्राउट हाइवे भनेर कुन राजमार्गलाई चिनिन्छ ?

(ग) तिखिदेवल केका लागि प्रसिद्ध छ ?

(घ) भक्तपुर कुन कुन खानाका लागि प्रख्यात छ ?

(ङ) सूर्यविनायक नगरपालिकाभित्र हामी कुन कुन खानाको प्रचार प्रसार गर्न सक्छौँ ?

(ङ) तपाईँको घरमा पाक्ने परिकारको सूची बनाउनुहोस् ।

**२. खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) नेपाली ....लाई  नयाँ स्वरूप दिन सके अन्तर्राष्ट्रियस्तरमा हाम्रो खानाले प्रतिस्पर्धा गर्न सक्छ ।

(ख) हाम्रो ... परिकार राम्रोसँग पस्कन सके विदेशीका आँखा, नाक र जिब्रो पनि रमाउने थिए ।

(ग) प्रयास गरे ..... र तराईका परिकारले पनि बजार लिन सक्छन् ।

(घ) महोत्सवमा ........................लाई प्रवर्द्धन गर्ने कार्य गर्नुपर्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क)  स्थानीय परिकारले कसरी पर्यटकलाई आकर्षित गर्न सकिन्छ ?

**४. नेपाली खानाका परिकारलाई नयाँ स्वरूप दिन के के गर्न सकिन्छ ? कक्षामा छलफल गर्नुहोस् ।**

परियोजना

**१. हर्बल चियाको बट्टा हेरी कुन कुन जडीबुटी मिसाएर बनाएको रहेछ, लेख्नुहोस् ।**

**२. घरको मैरी (तुलसीको मठ) मा तुलसी र करेसाबारीमा बकाइनोका बिरुवा रोपी प्रयोग गर्नुहोस् ।**

# एकाइ पाँच : पर्यटन, उद्योग तथा व्यवसाय

पूर्वपठन

(क) कागज हाम्रो देशमा बन्दछ कि बन्दैन ?
(ख) कागज कुन कुन कामका लागि प्रयोग गरिन्छ ?

कागज उद्योगको फोटो



पाठ १

## उद्यमशीलता

प्रत्येक मानिस जन्मजात उद्यमी हुन्छन् । कसैले आफ्नो क्षमता देखाउने अवसर पाउँछन् भने कसैले पाउँदैनन् । कतिपय त आफूभित्र त्यो क्षमता छ भन्ने समेत बुझ्न पाउँदैनन् ।



कुनै व्यापार वा व्यवसाय सुरु गर्नु उद्यमशीलता गर्नु हो । यसमा व्यापार वा व्यवसाय सम्बन्धी सोचाइदेखि लिएर दीर्घकालीन रूपमा उद्यमशीलता सञ्चालन गर्ने कुरासम्म पर्छ ।

उद्यमशीलता व्यवसाय सञ्चालन गर्ने विषय भनेर मात्र बुझ्नु हुँदैन । उद्यमी बन्नु भनेको सिर्जनात्मक व्यक्तित्वको निर्माण गर्नु हो । यसमा नयाँ तरिकाले सोच्ने, नयाँ आविष्कार गर्ने र नवीनतम काम गर्ने इच्छाशक्ति र क्षमता रहेको हुन्छ । यो कुनै पनि वस्तुको मूल्य सिर्जना गर्ने तरिका पनि हो । उद्यमशीलताको सम्बन्ध पैसासँग हुन्छ । उद्यमीसँग नयाँ विचार ग्रहण गर्ने चाहना हुन्छ । सपनालाई वास्तविकतामा बदल्ने इच्छाशक्ति हुन्छ । जोखिम लिन सक्ने क्षमता हुन्छ । वस्तु तथा सेवाको उत्पादन तथा आवश्यकता सिर्जना गर्ने दक्षता हुन्छ । कतिपय उदीयमान मुलुकमा साना तथा मझौला व्यवसायले कुल रोजगारीको ६० प्रतिशत रोजगारी दिएको छ । यिनले कुल गार्हस्थ्य उत्पादनको ४० प्रतिशतसम्म योगदान गरेका छन् ।



उत्पादनका स्रोत तथा साधनको प्रयोग गरी आय आर्जन गर्नु आजको आवश्यकता हो । उद्यमशीलताले स्वाभाविक रूपमा नाफाको अपेक्षासहित जोखिम लिने क्षमताको माग गर्छ । उद्यमहरू विभिन्न ढाँचामा सञ्चालन गर्न सकिन्छ । व्यक्तिगत, साझेदारी, सहकारी तथा सामूहिक प्रयासबाट व्यवसायको विकास गर्न सकिन्छ । यस्ता व्यवसायमा स्थानीयस्तरमा उपलब्ध श्रम, साधन स्रोत, पुँजी तथा प्रविधिको उपयोग गर्न सकिन्छ । सिपमूलक तालिम र वित्तीय पहुँच विकास गरी उद्यमशीलता विकास गर्न सकिन्छ । श्रमिक र युवा सहकारी संस्थाको प्रवर्धन गरी रोजगारी सिर्जना गर्न सकिन्छ । कृषि, पेसागत शिल्पी, श्रमिक, कालीगढ, सफाइकर्मी, बेकरी क्याफे, ब्युटिपार्लर, रेस्टुरेन्ट, निर्माण, इमार्केटिङ रोजगारीका क्षेत्र हुन् ।

लघु, साना तथा मझौला उद्यमको विकासबाट नागरिकलाई फाइदा हुन्छ । उद्यमशीलताको विकासका लागि पुँजी, सहुलियतपूर्ण कर्जा र उद्यमीमैत्री कानुन चाहिन्छ । उद्यमीलाई प्रोत्साहित गर्ने नीति चाहिन्छ । लाभदायक व्यवसायको स्थापना र विकासका लागि अध्ययन अनुसन्धान चाहिन्छ । बजारको

पहुँच, आवश्यक ज्ञान, सिप, सूचना र प्रविधिको उपलब्धता हुनुपर्छ । यसका लागि तीनै तहका सरकारको सहजीकरण आवश्यक छ। जोखिम न्यूनीकरणका लागि अनिवार्य बिमाको व्यवस्था गर्नुपर्छ।

समाज परिवर्तन गर्न  मानिसको जीवनस्तरमा सुधार ल्याउनुपर्छ। आयमूलक क्रियाकलाप वा रोजगारी सिर्जना गर्नुपर्छ। रोजगारी सिर्जना गरेर, आय आम्दानी बढाएर वा स्थानीय स्रोत साधनको सदुपयोग गरेर जीवनलाई सजिलो बनाउनु उद्यमशीलता हो । आय आर्जनको माध्यम कला कौशल पनि हो । उद्यमशीलताबाट सामाजिक समस्या पनि हल गर्न सकिन्छ । यसबाट महिला हिंसा र जातीय विभेद अन्त्य गर्न सकिन्छ। पारिवारिक कलह समाधान गरी स्वस्थ समाज निर्माण गर्न सकिन्छ। सभ्य एवम् शिक्षित समाज परिकल्पना गरी अपराध न्यूनीकरण गर्न सकिन्छ।

**१. उद्यमशीलताका फाइदा**

**(क) उत्पादनमा वृद्धि :** उद्यमशीलताको विकास भएमा समाजमा छरिएर रहेको बचत सङ्कलन भई अभावग्रस्त क्षेत्रमा परिचालन गर्न सकिन्छ। यसले  गर्दा मानवीय स्रोत तथा साधनको विकास  हुन्छ। आथिक क्रियाकलापमा वृद्धि हन्छ।

**(ख) उत्पादनको गुणस्तरमा वृद्धि :** उद्यमीले नयाँ सोच र ढङ्गका साथ वस्तुको उत्पादन गर्छ । बजारमा दीर्घकालसम्म आफ्ना वस्तुको बजार टिकाइ राख्न गुणस्तरमा वृद्धि गर्न सकिन्छ।

(**ग) परिवर्तनको  वाहक :** समाजमा एक जना मात्र उद्यमीले आफ्नो व्यवसाय स्थापना गर्दा पनि केही नयाँ कुरा प्राप्त हुन्छ। नयाँ ढङ्गले नयाँ  वस्तु उत्पादन गरी बजारमा पुऱ्याउँदा समाज परिवर्तन हुन्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) उद्यमशीलता भनेको के हो ?

(ख) एउटा व्यक्तिमा उद्यमशील बन्न कस्ता गुण आवश्यक पर्छन् ?

(ग) उद्यमशीलताका विभिन्न ढाँचा के के हुन् ?

(घ) उद्यमशील बन्न के कस्ता समस्या झेल्नुपर्छ ?

(ङ) उद्यमशील बन्दा व्यक्ति र समाजलाई के फाइदा हुन्छ ?

**२. खाली ठाउँमा उचित शब्द राखेर वाक्य पूरा गर्नुहोस् :**

(क) कुनै व्यापार वा ...... सुरु गर्नु उद्यमशीलता गर्नु हो ।

(ख) उद्यमशीलताको माध्यमबाट .....रूपान्तरण पनि गर्न सकिन्छ ।

(ग) .......ले नयाँ सोच र ढङ्गका साथ वस्तुको उत्पादन गर्छ ।

(घ) उद्यमशील व्यक्तिले ..... न्यूनीकरणका लागि अनिवार्य बिमाको व्यवस्था गर्नुपर्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) उद्यमशीलताले कसरी समाज रूपान्तरण गर्छ ?

**४. जागिर खोजेर खानु ठिक हो कि उद्यमशील बन्नु ठिक हो ? यस विषयमा कक्षामा वादविवादको आयोजना गर्नुहोस् ।**

पाठ : २

# राष्ट्रिय प्राणी उद्यान

**तल दिइएको समाचारको अंश पढ्नुहोस् :**

## राष्ट्रिय प्राणी उद्यान

भक्तपुर । चैत्र २० । नेपालमा राष्ट्रिय महत्वका धेरै विकास निर्माण कार्य सम्पन्न हुन थालेका छन् । भक्तपुरको सूर्यविनायक नगरपालिकामा राष्ट्रिय प्राणी उद्यान बन्ने भनिएको करिब ९ वर्ष पूरा हुन लागेको छ । २०७१ साल माघ १० गते स्वर्गीय सुशील कोइराला प्रधामन्त्री, महेश आचार्य वनमन्त्री र भक्तपुरका सांसद महेश बस्नेत उद्योगमन्त्री भएको समयमा मन्त्रिपरिषद्बाट उक्त निर्णय पारित भएको थियो । २०७३ असार ९ गते उसको शिलान्यास भएको थियो ।




सूर्यविनायक नगरपालिका वडा नम्बर ६, ७ र ८ को भूभाग यो उद्यानको सीमाभित्र पर्छ । उक्त क्षेत्रले सातओटा सामुदायिक वनको २ सय ४५ हेक्टर क्षेत्रफल ओगट्छ । मुलुककै गौरव यो आयोजना समयमा निर्माण सम्पन्न गरेर पूर्ण रूपमा सञ्चालन गर्न सके बाह्य तथा आन्तरिक पर्यटक आकर्षणको केन्द्र हुने छ । उद्यानमा आउने अवलोकनकर्ताले नेपालमा पाइने सबै जनावर र चराचुरुङ्गीको एकै स्थानमा बसेर सजिलै अध्ययन र अवलोकन गर्न सक्छन् । उद्यानमा बाघ, गैंडा, हात्ती, चित्तल, मृग, नीलगाई, चौंरीगाई, गोही, झारल, हुँडार, हाब्रे, बाँदर, अजिङ्गरलगायत सबै प्रजातिका चरा राखिने छ । यहाँका जनावर र चराचुरुङ्गीको सहजै अवलोकन र अध्ययन गर्न सकिने गरी प्राणी उद्यान निर्माण गर्न लागिएको हो ।

प्राणी उद्यान निर्माण सम्पन्न भएपछि उद्यानको अध्ययन र अनुसन्धान गर्न राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरका सम्बन्धित व्यक्तिको आकर्षण बढ्नेछ ।

प्राणी उद्यानको भूबनोट जनावर र चराचुरुङ्गीका लागि अनुकूल हुने गरी कतै ओसिलो, कतै पारिलो त कतै समथर र कतै उच्च भाग रहेको छ । प्रत्येक क्षेत्रमा छुट्टाछुट्टै जनावर र जीवजन्तुको अध्ययन अनुसन्धानका लागि पार्क, वन्यजन्तु उपचार केन्द्र, जियोलोजिकल लाइब्रेरी, बोटानिकल लाइब्रेरी, सभा हल, वन्यजन्तुसम्बन्धी अनुसन्धान केन्द्र, वन्यजन्तु शैक्षिक प्रदर्शनी स्थान, मनोरञ्जनात्मक पार्क निर्माण गरिने छ । यसबाट साँघुरो स्थानमा रहेका जावलाखेलको चिडियाघरका जीवजन्तुहरूले खुल्ला तथा रमणीय स्थान प्राप्त गर्नेछन् ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) राष्ट्रिय प्राणी उद्यानको शिलान्यास कहिले भएको थियो ?

(ख) राष्ट्रिय प्राणी उद्यानले कुन कुन वडा समेट्छ ?
(ग) राष्ट्रिय प्राणी उद्यानको क्षेत्रफल कति रहेको छ ?
(घ) राष्ट्रिय प्राणी उद्यान बनेपछि हुने कुनै ३ फाइदा लेख्नुहोस् ।

**२. ठिक बेठिक छुट्याउनुहोस् :**
(क) राष्ट्रिय प्राणी उद्यान मुलुककै गौरवको आयोजना होइन ।
(ख) उद्यान बाह्य तथा आन्तरिक पर्यटक आकर्षणको केन्द्र हुनेछ ।
(ग) उद्यानमा नेपालमा पाइने सबै प्रजातिका जनावर राखिनेछ ।
(घ) प्राणी उद्यानको भूबनोट जनावर र चराचुरुङ्गीका लागि अनुकूल हुने खालको रहेको छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**
(क) राष्ट्रिय प्राणी उद्यानमा के कस्ता कार्यका लागि स्थान उपलब्ध हुने छ, लेख्नुहोस् :
(ख) राष्ट्रिय प्राणी उद्यानका विशेषता के के हुन सक्लान् र यसले सूर्यविनायक नगरपालिकालाई के कस्तो सहयोग पुग्ला ? समूहमा छलफल गरी लेख्नुहोस् ।

पाठ ३

# नेपाली कागज

अदालती तथा अन्य कामकाजमा नेपाली कागजको प्रयोग अनिवार्य छ । नेपाली कागज तमसुक, मन्जुरनामा, लेनदेन, राजीनामालगायतका लिखतमा प्रयोग हुन्छ । पहाडी क्षेत्रमा उक्त कागज निर्माणका लागि लोक्ताको प्रयोग गरिन्छ । अर्गेलीबाट लोक्ता उत्पादन गरिन्छ । सोही लोक्ता प्रशोधन गरी नेपाली कागज निर्माण गरिन्छ ।

नेपाली कागज बनाउनका लागि कच्चा पदार्थको रूपमा अर्गेली र सिग्रे लोक्ता प्रयोग गरिन्छ । जङ्गलमा पाइने अर्गेली र सिग्रे लोक्ताको बोट सङ्कलन गरी घरमा ल्याएर त्यसको बोक्रा निकाल्ने, कुट्ने र उसिन्ने, काम सकिएपछि भिटार नामको उपकरणमा राखिन्छ । त्यहाँबाट घोल निकालेर फ्रेममा फिटेर सुकाइन्छ । यो जति राम्रो प्रविधि प्रयोग गरेर बनायो त्यति नै गुणस्तरीय हुने गर्छ ।

## १.लोक्ताबाट बन्ने नेपाली कागजको विशेषता

लोक्ताबाट बन्ने कागजलाई नेपाली कागज अर्थात् हाते कागज भनिन्छ । नेपाली कागज निर्माणको मुख्य कच्चा पदार्थ अर्गेली (लोक्ता) हो । यो उच्च पहाडी भेग अर्थात् ४ हजार फिटदेखि १० हजार मिटरसम्मको सेपिलो ठाउँमा पाइन्छ । खास अर्गेली लोक्ताको एक प्रकार हो ।

यसलाई बोक्रा तासेर केमिकल प्रयोग गरी कागज बनाइन्छ । नेपाली कागज उत्पादनका लागि बाहिरबाट ल्याउने भनेको केमिकल (प्लास्टिक सोडा) मात्रै हो । यो जङ्गली झार (लोक्ता) वा बाबियोको प्रयोग गरी परम्परागत तरिकाले तयार गरिने कागज हो । यो धेरै टिक्ने भएकाले नेपालमा अझै पनि सरकारी कामकाजमा यसको अत्यधिक प्रयोग हुन्छ ।



लोक्ताबाट बनेको कागज गुणस्तरयुक्त हुने भएकाले नेपालमा पनि अड्डा अदालत, कार्यालयलगायतमा प्रयोग हुन्छ । विशेष गरी सरकारी कार्यालय, अदालत, लेखा, मालपोत कार्यालयमा अभिलेखका लागि नेपाली कागजको प्रयोग गरिन्छ । लालपुर्जाजस्ता मूल्यवान् डकुमेन्ट बनाउनसमेत यो बहुउपयोगी छ ।

यस्तो कागजको प्रयोग अन्य निजी संस्थाले लेटर हेडमा पनि गर्छन् । यसबाहेक विवाह तथा व्रतबन्धको कार्ड, भिजिटिङ कार्ड, गिफ्ट प्याकिङमा प्रयोग गरिन्छ ।

हाते कागज उद्योगबाट वार्षिक ठुलो परिमाणमा हाते कागज उत्पादन हुँदै आएको छ । हाते कागजका लागि आवश्यक पर्ने मुख्य कच्चा पदार्थ लोक्ता हो । जुन नेपालका विभिन्न क्षेत्रका ग्रामीण भेगबाट

सङ्कलन गरिन्छ । नेपालमा लोक्ताबाट उत्पादन हुने कागजको विशेष महत्व रहँदै आएको छ । नेपालमा लोक्ताबाट उत्पादन हुने हाते कागजको माग बाह्य बजारमा समेत निकै राम्रो छ । यस क्षेत्रमा नयाँ प्रविधि भित्र्याउन नसक्दा र व्यवसायलाई समयानुकूल परिमार्जन गर्न नसक्दा यस उद्योगको अवस्था कमजोर बन्दै गएको छ ।

शुद्ध लोक्ताबाट बनेको कागजको विशिष्ट स्थान छ । यो कागज पट्याउँदा भाँचिँदैन । किराले खाँदैन । पानीमा भिज्दैन । लेखेको अक्षर वर्षौंसम्म उड्दैन । यही विशेषताका कारण नेपाली लोक्ता कागज तमसुक एवं सरकारी कामकाजमा प्रयोग भएको हो । अहिले बजारमा नेपाली कागजको नाममा मिश्रणयुक्त कागज पाइबछ । बाबियो, पराल लगायतका वस्तुको मिश्रणबाट तयार पारिएको कागज बजारमा भएकाले नेपाली कागजले आफ्नो गरिमा कायम राख्न चुनौती देखिन्छ ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) नेपाली कागज के के कामका लागि प्रयोग हुन्छ ?

(ख) लोक्ता भनेको के हो ?

(ग) नेपाली कागज बनाउन प्रयोग गरिने केमिकलको नाम के हो ?

(घ) नेपाली कागजका केही मुख्य विशेषता लेख्नुहोस् ।

**२.तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) नेपाली कागज एक सामान्य कागज हो ।

(ख) नेपाली कागजको स्वदेशमा मात्र माग छ ।

(ग) पट्याउँदा नभाँचिने, किराले नखाने, पानीमा नभिज्ने, लेखेको वर्षौंसम्म नमेटिने नेपाली कागजका विशेषता होइनन् ।

(घ) अदालतका अभिलेख, जन्मदर्ता, बसाइँसराइ चाइनिज कागजमा लेखिन्छ ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) नेपाली कागजको महत्वमाथि प्रकाश पार्नुहोस् ।

**४. लोक्ता निर्यात गरेरै मात्रै पनि नेपाल धनी बन्न सक्ने कुरा उल्लेख गर्दै प्रधानमन्त्रीलाई एक चिठी लेख्नुहोस् ।**

**परियोजना कार्य**

**राष्ट्रिय प्राणी उद्यान जावलाखेलको भ्रमण गर्नुहोस् र त्यहाँका प्राणी भक्तपुरमा सार्न के कस्तो पूर्वतयारी आवश्यक पर्ला, प्रतिवेदन तयार पार्नुहोस् ।**

# एकाइ छ : स्थानीय सिप र प्रविधि

पूर्वज्ञान

सूर्यविनायक नगरपालिकाको बडापत्र अध्ययन गर्नुहोस् :




(क) सरकारी कार्यालयमा बडापत्र किन राखिन्छ होला ?

(ख) बडापत्रले कसलाई सहज बनाउँछ होला ?

(ग) बडापत्रमा के के कुरा उल्लेख हुन्छ होला ?

**पाठ १**

## स्थानीय प्रविधिको महत्व

*(सूर्यविनायक नगरपालिकाद्वारा आयोजित स्थानीय प्रविधिको महत्व शीर्षकको वक्तृत्वकला कार्यक्रममा जोरपाटी मा.वि.का विद्यार्थी अनन्त तामाङको विचार)*

श्रीमान् सभाध्यक्ष, प्रमुख अतिथिज्यू, उपस्थित गुरुवर्ग, निर्णायक मण्डल तथा मेरा प्यारा साथीहरू सूर्यविनायक नगरपालिकाद्वारा आयोजित यस कार्यक्रममा सहभागी हुन पाउँदा अत्यन्तै हर्षित छु ।

स्थानीय प्रविधि भन्नाले परम्परागत रूपमा विकसित हुँदै आएको ज्ञानको व्यावहारिक प्रयोग भन्ने बुझिन्छ । इतिहासदेखि नै विभिन्न संस्कृति र समुदायका मानिसले आआफ्नो सृजनशीलताको प्रयोग गरेका छन् । समुदायले आफ्नै अनुभवले आर्जन तथा संरक्षण गरेका अति महत्वपूर्ण ज्ञान, सिप र प्रविधि हाम्रा समुदायमा पर्याप्त छन् । पुराना पुस्ताले लामो समय लगाएर प्राप्त गरेका यस्ता खालका ज्ञानको जानकारी युवा पुस्तालाई नहुन सक्छ । यस्ता खालका ज्ञानको कमीले गर्दा ठुलो क्षति बेहोर्नुपर्ने हुन सक्छ ।



आरनमा भाँडा बनाउने, हतियारमा धार लगाउने, जुत्ता कनाउने, स्थानीय पोसाक बनाउने परम्परागत पेसा हुन् । माटाका भाँडा बनाउने, डाला, नाङ्ला, सुपा, भकारी, डोका, नाम्ला बुन्ने पनि यस्ता पेसा हुन् । काठका ठेकी बनाउने, विभिन्न भाँडा र आकार निर्माण गर्ने, कलाकृति निर्माण गर्ने, खोलामा माछा समात्ने पेसा परम्परागत नै हुन् । जङ्गली जनावरबाट जोगिनेजस्ता महत्वपूर्ण ज्ञान, सिप, प्रविधि स्थानीय समुदायले पुस्तौँपुस्ता संरक्षण र हस्तान्तरण गर्दै आएका हुन् । हाम्रो समुदायमा स्थानीय जडीबुटीको प्रयोग गर्ने, दुर्घटनाबाट बच्ने र प्रकृतिको संरक्षण गर्ने आफ्नै तरिका छन् । प्राकृतिक प्रकोप तथा हुरी, बतास, बाढी, पहिरोबाट सुरक्षित हुने आफ्नै तरिका छन् । कृषि उत्पादन, पशुपालन, चरन संरक्षण आफ्नै तरिकाले गरिन्छ । सङ्गीत, गायन, नृत्य, खेल, चित्रकला, मूर्ति निर्माण, डिजाइन निर्माण जस्ता ज्ञान, सिप प्रविधि हाम्रा समुदायमा छन् ।

खानाका परिकार बनाउने, स्थानीय स्रोत-साधन प्रयोग गर्ने, सालका पात गाँसेर दुनाटपरी बनाउने प्रविधि स्थानीय समुदायमा प्रचलित छन् । रूखका लोक्ता निकालेर दाम्ला, डोरी, नाम्ला बनाउने, लोक्ताबाट कपडा बनाउने, स्थानीय रूखबिरुवा, जडीबुटीबाट औषधी निर्माण गर्नेजस्ता ज्ञान, सिप नयाँ पुस्तामा हस्तान्तरण गर्नु आवश्यक छ । परम्परागत रूपमा आर्जित ज्ञान, सिप, प्रविधि संरक्षण नगर्ने हो भने नयाँ पुस्तामा समस्या उत्पन्न हुन सक्छ । यस्ता ज्ञान, सिप र प्रविधिलाई युवाबिच हस्तान्तरण गर्नु अति नै आवश्यक छ । परम्परागत मूल्य, ज्ञान सिप, प्रविधि जोगाएर राख्ने



र परम्परागत ज्ञानलाई आधुनिकीकरण गर्ने  समाजले विकासमा फड्को मार्न सक्छ । (जनाउ घन्टी बज्छ । )

स्थानीय ज्ञान र सिपको विकासबाट दिगो विकास हुन्छ ।  स्थानीय स्रोतसाधन संरक्षण गर्न र विकासमा स्थानीय समुदायको सहभागिता वृद्धि गकिन्छ । स्थानीय समुदायको विकासमा स्वामित्व कायम गर्न र समुदायको विकासका लागि पनि स्थानीय ज्ञान, सिप र प्रविधिको महत्व हुन्छ । हामीले स्थानीय ज्ञान, सिप र प्रविधि संरक्षण गर्नुपर्छ । यसका लागि स्थानीय परम्परागत ज्ञानमा विज्ञान खोज्ने र आधुनिक विज्ञानलाई स्थानीय ज्ञान, सिप र प्रविधिमा मिसाउने काम गर्नुपर्छ । अन्य स्थानका ज्ञान, सिपसँग तुलना गरेर आफ्ना समाजका ज्ञान, सिपलाई परिमार्जन गर्नु पनि उत्तिकै आवश्यक छ । यस्ता कार्यले समुदायको आयस्रोत वृद्धि हुन्छ । नयाँ पुस्तामा आफ्नो समुदायले प्राप्त गरेका ज्ञान, सिप हस्तान्तरण हुँदै जान्छन् । स्थानीय समुदाय स्वावलम्बी हुन पनि सहयोग पुग्छ । यति भन्दै आफ्नो विचार अन्त्य गर्छु ।  धन्यवाद ।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) स्थानीय प्रविधि भनेको के हो  ?
(ख) स्थानीय प्रविधिअन्तर्गत कस्ता प्रविधि पर्छन् ?
(ग) स्थानीय प्रविधिका कुनै दुई उदाहरण दिनुहोस् ।
(घ) स्थानीय प्रविधि लोप हुँदा कस्ता समस्या पर्न सक्छन् ?

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**


(क) स्थानीय प्रविधिको संरक्षण गरिनु किन आवश्यक छ ? लेख्नुहोस् ।
(ख) स्थानीय प्रविधिअन्तर्गत कुन कुन प्रविधि पर्छन् ? लेख्नुहोस् ।

**४. तपाईंको घरमा प्रयोग भएका स्थानीय प्रविधिको नाम टिप्नुहोस् र तिनले के काममा सहयोग गर्छन्, लेख्नुहोस् ।**

**पाठ : २**

## नागरिक बडापत्र

(नैचालकी रविना र काँक्राबारीको ललिता एउटै विद्यालय पढेका साथी हुन् । उनीहरू एसइईपछि भेट भएका थिएनन् तर आज नगरपालिकामा काम परेको हुनाले आएका थिए । उनीहरू धेरैपछि भेट भएकाले एकैछिन कुरा गर्दै छन् ।)




ललिता : ओहो रविना तिमी यहाँ ? कसरी ?

रविना : लौ ललिता पो मैले त कसो नचिनेकी, के छ तिम्रो हालखबर ?

ललिता : भेट नभएको नि वर्षौं भएछ । पढाइ सकेपछि आआफ्नो काममा व्यस्त भइयो । के गर्नु चिन्न नि गाह्रो ।

रविना : हो त के गर्नु ? यस्तै हो । अनि तिमी कसरी नगरपालिकाको कार्यालयमा नि आज ?

ललिता : के भन्नु एउटा व्यवसाय दर्ता गरौँ भनेर आएको । हेर न दुई घण्टा भइसक्यो । साँच्चि तिमी किन आएकी नि ?

रविना : म भाइको नागरिकताको सिफारिस लिन आएकी, भाइ भित्र छन् । अब आउने बेला भयो त्यसैले यहाँ कुरीराखेकी ।

ललिता : लौ एति छिटै काम सकिसक्यो ? कोही चिनेजानेको छ र ? छ भने भनिदेऊ न । म त कहाँ जाने के गर्ने साह्रै अन्योलमा पो छु त ।

रविना : कहाँ चिनेको हुनु म त सरासर आएँ । ऊ त्यहाँ भित्तामा रातो अक्षरले लेखिएको बोर्ड हेरेँ अनि कहाँ कहाँ जानुपर्ने र के के चाहिने हो हेरेर त्यहीअनुसार काम गर्न भाइलाइ लगाएँ । त्यसैले काम समयमा र सजिलै भयो नि ।

ललिता : हैन के छ र त्यहाँ त्यसरी सजिलै काम हुनलाई ?

रविना : अरे तिमीलाई थाहा छैन त्यो त नागरिक बडापत्र हो नि ।

ललिता : के हो यो नागरिक बडापत्र भनेको ? अनि यसले के काम गर्छ ?

रविना : नागरिक बडापत्र भनेको कुनैपनि सेवाप्रदायक सस्थाले दिने सेवा र त्यो सेवा लिने प्रक्रियाको विवरण लेखिएको पत्र हो नि ।

ललिता : अनि यसमा के के लेखिन्छ नि त्यहाँ त थुप्रै कुरा देख्छु नि ।

रविना : हो यसमा त्यो संस्थाले के सेवा दिन्छ,त्यो सेवा लिन कति समय लाग्छ,पैसा कति लाग्छ र कति नम्बर कोठामा गएर कसलाई भेट्नुपर्छ जस्ता विवरण दिइएको हुन्छ नि ।

ललिता : के त्यहाँ लेखिएअनुसार काम हुन्छ त ?

रविना : हुन्छ नि । यो त सार्वजनिक संस्थाको प्रतिबद्धता पत्र पनि हो ।

ललिता : खै मलाई त कागजपत्र पुगेन भनेर फर्काइदियो त ।

रविना : एकपटक उता जाऊँ त । के के कागजपत्र चाहिँदो रहेछ, हेरौँ त ।

ललिता : कहाँ उता भनेको ?(दुवै जना बडापत्र भएतिर जान्छन् । )

रविना : खै लेऊ त कागजपत्र । (बडापत्र हेर्दै परीक्षण गर्छिन् ।) तिमीले उद्योग दर्ता गर्न वडाबाट स्वीकृति लिएर आउनुपर्ने रहेछ । त्यही पत्र नभएकाले फिर्ता पठाएको हो नि ।

ललिता : (अचम्म मान्दै) सबै कुरा यही बडापत्रमै हुने रहेछ । पढेलेखेकी भएर नि कस्तो ज्ञान न आएको होला ।

रविना : ल अब धेरै तनाव नलेऊ । भोलि आऊ र काम सकेर जाऊ । बरु धेरैमा भेट भएको छ, हिँड खाजा खाँदै दुःख सुखका कुरा गरौँ ।

ललिता : हुन्छ । (दुवै कार्यालय परिसरबाहिर निस्कन्छन् ।)

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) नागरिक बडापत्र भनेको के हो ?

(ख) नागरिक बडापत्र पढ्नाले के फाइदा हुन्छ ?

(ग) नागरिक बडापत्रअनुसार काम भएन भने के गर्नुपर्छ ?

(घ) नागरिक बडापत्रलाई किन सार्वजनिक संस्थाको प्रतिबद्धता पनि भनिन्छ ?

(ङ) नागरिक बडापत्रले कसरी सेवाग्राहीलाई सजिलो बनाउँछ ?

**२.तलका बेठिक वाक्यलाई ठिक बनाएर लेख्नुहोस् :**

(क) नागरिक बडापत्र सरकारी कार्यालमा राखिँदैन ।

(ख) नागरिक बडापत्र के कामका लागि कुन कोठामा कुन कर्मचारी भेट्ने भनेर लेखिएको हुन्छ ।

(ग) दिइएको समयमा काम नभए नागरिक बडापत्रले क्षतिपूर्तिको पनि व्यवस्था गरेको हुन्छ ।

(घ) नागरिक बडापत्र भनेको कुनै पनि सेवाप्रदायक संस्थाले दिने सेवा र त्यो सेवा लिने प्रक्रियाको विवरण लेखिएको पत्र होइन ।

**३. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) नागरिक बडापत्रले कसरी सेवाग्राहीलाई सहयोग गर्छ ? उदाहरण सहित लेख्नुहोस् ।

**४. नागरिक बडापत्रले कार्यालयमा हुने ढिलासुस्ती तथा अनियमितताको अन्त्य गर्छ भन्ने कुरा जानकारी गराउँदै टाढा बसेका साथीलाई चिठी लेख्नुहोस् ।**

**पाठ ३**

## सामाजिक सञ्जालको उपयोगिता

विदेशबाट फर्केर पशुपालनलाई आफ्नो व्यवसाय बनाएका रमानाथ दाइ निराश थिए । अरु बेला खुसी देखिने दाइ दिनप्रतिदिन मलिन बन्दै गएको देखेर साह्रै नमजा  लाग्यो । घरमै गएर सोध्ने विचार गर्दै म दाइको घरतिर लागेँ ।

पशु गोठको छेउमै भर्खर दाना हालेर टोलाउँदै गरेका दाइलाई देखेर बोलाउन थालेँ ।

रमानाथ दाइ, ए रमानाथ दाइ ।

झस्कँदै, ओहो दिपक भाइ, कति बेला आइपुग्नु भो ? अनि के छ हालखबर ?

मेरो त ठिकै छ दाइ । हिजो आज दाइ राम्रोसँग बोल्नु पनि हुन्न । अनुहारमा खुसी पनि देख्दिनँ, कतै सन्चो भएन कि भनेर सोध्न आएको नि ।

ए त्यसो केही होइन भाइ, सबै ठिक छ । केही भएको छैन ।

केही नभएको भए त बेसै भयो तर पनि नि दाइ तपाइँ यस्तो मान्छे होइन केही त पक्का भएको छ कुरा नलुकाउनुहोस न दाइ ।

के भन्नु भाइ, केही भयो भनौँ भने भएको नि छैन अनि नभएको पनि होइन ।




हेर्नुहोस् दाइ,  तपाइँले मलाई आफ्नै भाइ जस्तो माया गर्नुहुन्छ । नजिकको छिमेकी भनेको पनि मै हुँ । केही अप्ठ्यारो पर्‍यो भने खुलस्त भन्नुहोस् । सके सहयोग गरुँला नसके पनि दुःख कम गर्ने प्रयास त अवश्य गर्ने छु । के भन्नु भाइ भन्नै गाह्रो । विदेशमा दुःख गरेर कमाएको पैसा सबै पशुपालनमा लगाएँ । सुरुमा सबैले नगर भन्थे । अरुको कुरा सुन्दै सुनिनँ तर आज उत्पादन भएको दुःध बेच्न नसकेर बर्बाद भएँ ।

ए कुरा यस्तो पो हो ? दाइले कत्तिको सामाजिक सञ्जाल फेसबुक, टिकटक आदि चलाउने गर्नुहुन्छ ?

पशु पाल्ने मान्छे किन इन्टरनेटमा भुलेर समय बर्बाद गर्नु र भाइ ?

ओहो दाइ, चलाउन नजाने पो समय बर्बाद हुन्छ त । जाने त फाइदै फाइदा हुन्छ नि । खै तपाइँको मोबाइल दिनुहोस् त । यहाँ रहेका खसी, कुखरा र दुधको बारेमा भिडियो खिच्नुपर्‍यो । तपाइँ पनि भैँसी छेउमा जानुहोस् त ।

*तपाईंका नानीबाबुलाई पोसिलो दुध, तपाइँकै छिमेकमा उत्पादित लोकल कुखुराको अन्डा चाहिएमा सम्पर्क गर्नुहोला । साथै हामीकहाँ लोकल खसी पनि पाइन्छ । होम डेलिभरीको सुविधा पनि उपलब्ध रहेको छ ।*

*हाम्रो पशुपालन केन्द्र*

*सूर्यविनायक १० भक्तपुर*

ल दाइ, तपाइँ र मेरो फेसबुक खातामा यो पोस्ट गररे अरुलाई पनि ट्याग गरेको छु । ल अब एक गिलास दुध खाऊँ त ।

टिङ टिङ..... मलाई पूजाका लागि पाँच लिटर दुध चाहिएको थियो । ल्याइदिनुहुन्छ त ?

ल दाइ, अर्डर आयो । पुऱ्याउने होइन त ?

मलाइ बेलुका एक एक माना दुध र अन्डा चाहिएको थियो ।

मासिक रूपमा दुध लिँदा कति पर्छ ?

तीनओटा खसी लिन आउँछु, राखिदिनोस् न है ।

ओहो भाइ यति छिटै अर्डर नि आयो । हेर मैले बिग्रिन्छ भनेर नचलाएको सामाजिक सञ्जालले त गज्जब गऱ्यो । अब यसबाटै व्यापार गर्नुपर्छ ।

चलाउन नजाने पो नोक्सान हुन्छ त । जाने त सामाजिक सञ्जालका पनि फाइदै फाइदा छन् नि । व्यापार बढाउन त यसले अझ सहयोग गर्छ । समाचार पढ्न र एउटै विचार भएका साथी खोज्न सहयोग गर्छ । तपाईंका पशुपन्छी बिरामी हुँदा उपचारका लागि सल्लाह लिन सकिन्छ । विद्यार्थीले नयाँ विषयबारे अध्ययन गर्न सक्छन् । यसलाई प्रयोग गरेर गलत क्रियाकलाप पो गर्न भएन त । ओहो भाइ, अब म पनि यसको उपयोग गरेर व्यापार बढाउँछु । आँखा खोलिदिएकामा धन्यवाद है ।

ल त दाइ बस्नुस है । म नि घरतिर लाग्छु ।

हुन्छ भाइ, यसो फुर्सद मिलाएर आउँदै गर्नु है ........।

**अभ्यास**

**१. तलका प्रश्नका उत्तर लेख्नुहोस् :**

(क) रमानाथ कहाँ बसेर फर्केका थिए ?

(ख) रमानाथ दु:खी हुँदै जानुको कारण के हो ?

(ग) दीपकले किन रमानाथको समस्या बुझ्न चाहेका हुन् ?

(घ) विदेशमा काम गरेर कमाएको पैसा रमानाथले कहाँ लगाए ?

(ङ) रमानाथले सामाजिक सञ्जाल नचलाउनुको कारण के हो ?

**२. तलका प्रश्नका लामो उत्तर लेख्नुहोस् :**

(क) सामाजिक सञ्जालको प्रयोग कुन कुन क्षेत्रमा गर्न सकिन्छ ? लेख्नुहोस् ।

(ख) सामाजिक सञ्जालको प्रयोग गर्दा कुन कुन कुरामा ध्यान दिनुपर्छ ? लेख्नुहोस् ।

**३. कक्षामा दुई दुई जनाको समूह बनाउनुहोस् । एकअर्कालें सबैभन्दा धेरै चलाउने विद्युतीय उपकरण ( सञ्चार सामग्री) र सामाजिक सञ्जाल भन्नुहोस् । त्यसको पाँच फाइदा र पाँच बेफाइदा लेखेर कक्षामा सुनाउनुहोस् ।**

**परियोजना कार्य**

**चार समूहमा विभाजन हुनुहोस् र सामाजिक सञ्जालका फाइदा तथा बेफाइदा के के हुन सक्छन् ? समूहमा छलफल गरी चार्टपेपरमा लेखी बिहानीको प्रार्थना सभामा प्रस्तुत गर्नुहोस् ।**